# लेखापरीक्षण प्रतिवेदन

## सान्नी त्रीवेणी गाउँपालिका, कालिकोट

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## सान्नी त्रीवेणी गाउँपालिका, कालिकोट

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वियन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वियनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वियनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
कर्णाली प्रदेश लेखापरीक्षण निर्देशनालय
काठमाडौं

प.सं.:2081/82 मिति : २०८२-२-६

च.न.:FAR/2080-81/LOC/110

विषयः **लेखापरीक्षण प्रतिवेदन।**

श्री अध्यक्षज्यू,

सान्नी त्रिवेणी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

कालिकोट।

## कैफियतसहितको राय

हामीले सान्नी त्रिवेणी गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

## कैफियतसहितको राय व्यक्त गर्ने आधार

१.पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु. ७ करोड २८ लाख ९५ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. १ करोड १७ लाख ९२ हजार, स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रमको रु.४०

लाख, शिक्षातर्फको रु. २ लाख ८१ हजार र आन्तरिक मामिला तथा कानुन मन्त्रालयको रु. १९ लाख २० हजार समेत रु. ९ करोड ८ लाख ८८ हजार समावेश गरेको छैन।

२.पालिकाको रु. ९३ करोड ६७ लाख ३६ हजारको लेखापरीक्षण गरिएकोमा रु. २ करोड ६८ लाख २४ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा प्रतिक्रियाबाट फर्स्यौट नभई बाँकी बेरुजुमध्ये असुल गर्नुपर्ने रु. २५ लाख ९३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु. ९५ लाख ७० हजार, नियमित गर्नुपर्ने रु. १ करोड ३१ लाख ४२ हजार र पेस्की बाँकी रु. १५ लाख १९ हजार रहेको छ। गत वर्षसम्म रु.२८ करोड ९९ लाख ६८ हजार बेरुजू बाँकी रहेकोमा यो वर्ष ३० लाख ८७ हजार फर्स्यौट र रु. १७ लाख ४६ हजार सम्परीक्षणबाट थप भई हालसम्मको अद्यावधिक बेरुजू रु. ३१ करोड ५४ लाख ५१ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको वेहोरा यसैसाथ संलग्न छ।

३.पालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा सबै लेखा टिप्पणीहरु र सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान,लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य वेहोरा**

यो गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्य अनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, जटील प्रकृतिको संरचना निर्माणको कार्य उपभोक्ता समितिमार्फत गराएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका वेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनीयथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।



( राम प्रकाश महतो )

नायब महालेखापरीक्षक

# बेरुजु वर्गीकरण

चालु आर्थिक वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ६४ | १०१ | २,६८,२४,०६० | ० | ० | ० | ० | ६४ | १०१ | २,६८,२४,०६० | २५,९२,७३७ | १,३१,४२,१५७ | ९५,६९,७९३ | ० | ० | २,२७,११,९५० | १५,१९,३७३ |

अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| कालिकोट | २८,९९,६८,००० | ० | ३०,८७,२२४ | २८,६८,८०,७७६ | १७,४६,२१३ | २,६८,२४,०६० | ३१,५४,५१,०४९ |

बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७९/८० | ४७ | भुक्तानीमा करकट्टी | ३८,८७४ |
| २ | २०७९/८० | ५४ | पेश्की बाँकी | २०,१०,००० |
| ३ | २०७९/८० | ४५ | अनुदान | १०,३८,३५० |
| जम्मा | | | | ३०,८७,२२४ |

# (८०६६५५०६३०० - सान्नी त्रिवेणी गाउँपालिका, कालिकोट )

## परिचय

१

**(क) कार्यालय परिचय :-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागीता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ९ वडा, १३६.७२ वर्ग किलोमिटर क्षेत्रफल तथा १३४९१ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।०५।०८ देखि २०८१ ।०५।११ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको रु. ९३,६७,३५,६७१ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.७४,५६८ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| बैंक | व्यहोरा | बैंक भौचर नम्बर | दाखिला मिति | रकम |
|---|---|---|---|---|
| राष्ट्रिय वाणिज्य बैंक | पारिश्रमिक कर | ६८६८७२७६ | २०८१-०५-१२ | २४७९ |
| राष्ट्रिय वाणिज्य बैंक | पारिश्रमिक कर | ६८६८८६२० | २०८१-०५-१२ | ११२३ |
| राष्ट्रिय वाणिज्य बैंक | पारिश्रमिक कर | ६८६९०१७८ | २०८१-०५-१२ | ३५६३ |
| राष्ट्रिय वाणिज्य बैंक | पारिश्रमिक कर | ६८६९१३१६ | २०८१-०५-१२ | ११९५९ |
| राष्ट्रिय वाणिज्य बैंक | पारिश्रमिक कर | ६८८०५२४२ | २०८१-०५-१४ | ४०८०० |
| राष्ट्रिय वाणिज्य बैंक | पारिश्रमिक कर | ६८६६३६२३ | २०८१-०५-१२ | १४६४४ |
| | | | जम्मा | ७४५६८ |

## २ प्राप्ती र भुक्तानीको एकिकृत प्रतिवेदन

आ.व. : २०८०/८१ अवधी : २०८०/०४/०१ - २०८१/०३/३१

| क्र.स./ आर्थिक सङ्केत | विवरण | चालु आ.ब.को कारोबार | | गत आ.ब. को कारोबार | |
|---|---|---|---|---|---|
| | | नगद | जम्मा | नगद | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | |
| | | ६,२८,८६,८३०.६४ | ६,२८,८६,८३०.६४ | (१४,३६,३९,६८०.११) | (१४,३६,३९,६८०.११) |
| ११००० | कर | २९,५१,०८,४६९.३५ | २९,५१,०८,४६९.३५ | ३४,४७,१८,९५७.०० | ३४,४७,१८,९५७.०० |
| १३००० | अनुदान | ४,८४,५९९.९९ | ४,८४,५९९.९९ | ११,४६,२१६.०७ | ११,४६,२१६.०७ |
| १४००० | अन्य राजस्व | ९,३६०.०० | ९,३६०.०० | ०.०० | ०.०० |
| १५००० | विविध प्राप्ति | ३५,८४,८९,२५९.९८ | ३५,८४,८९,२५९.९८ | २०,२२,२५,४९२.९६ | २०,२२,२५,४९२.९६ |
| क | कुल जम्मा प्राप्ति | २८,८७,२०,२३२.८६ | २८,८७,२०,२३२.८६ | २८,९४,१०,७१०.२१ | २८,९४,१०,७१०.२१ |
| ३ | चालु | १२,७७,१०,७२६.९५ | १२,७७,१०,७२६.९५ | ११,३९,१७,१८१.६० | ११,३९,१७,१८१.६० |
| २१००० | पारिश्रमिक / सुविधा | १४,७८,४७,१७७.९१ | १४,७८,४७,१७७.९१ | ९,०८,७४,१५१.६१ | ९,०८,७४,१५१.६१ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | ०.०० | ०.०० | ९,६३,५००.०० | ९,६३,५००.०० |
| २५००० | सहायता (Subsidy) | ८४,८४,०८४.०० | ८४,८४,०८४.०० | ७,८२,५५,३४७.०० | ७,८२,५५,३४७.०० |
| २६००० | अनुदान | २१,३५,०००.०० | २१,३५,०००.०० | २६,०२,१०२.०० | २६,०२,१०२.०० |
| २७००० | सामाजिक सुरक्षा | २५,४३,२४४.०० | २५,४३,२४४.०० | २७,९८,४२८.०० | २७,९८,४२८.०० |
| २८००० | अन्य खर्च | ९,७१,९६,३३१.८१ | ९,७१,९६,३३१.८१ | १०,८४,७९,०१०.८४ | १०,८४,७९,०१०.८४ |
| ४ | पूंजीगत | १,७३,००,१०७.५५ | १,७३,००,१०७.५५ | २५,०२,४१५.०० | २५,०२,४१५.०० |
| ३१११० | भवन तथा संरचना | ६५,७१,६७०.०० | ६५,७१,६७०.०० | १,१७,०६,००५.०० | १,१७,०६,००५.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | ०.०० | ०.०० | २७,०५,८०५.७० | २७,०५,८०५.७० |
| ३११३० | अन्य पूँजीगत खर्च | ०.०० | ०.०० | १९,४३,४००.०० | १९,४३,४००.०० |
| ३११४० | सुरक्षा उपकरण | ७,३३,२४,५५४.२६ | ७,३३,२४,५५४.२६ | ८,९६,२१,३८५.१४ | ८,९६,२१,३८५.१४ |
| ३११५० | सार्वजनिक निर्माण | ०.०० | ०.०० | ०.०० | ०.०० |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | वित्तीय | ३८,५९,१६,५६४.६७ | ३८,५९,१६,५६४.६७ | ३९,७८,८९,७२१.०५ | ३९,७८,८९,७२१.०५ |
| ख) | कुल जम्मा भुक्तानी | (२,७४,२७,३०४.६९) | (२,७४,२७,३०४.६९) | (१९,५६,६४,२२८.०९) | (१९,५६,६४,२२८.०९) |
| ग) | बचत /कमी (ग = क-ख ) | ३,९०,२८४.०३ | ३,९०,२८४.०३ | १,६२,१४१.५० | १,६२,१४१.५० |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/-) | (७१,००८.९०) | (७१,००८.९०) | (७,३९,२१६.९५) | (७,३९,२१६.९५) |
| घ.१) | कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी | (२,७०,३७,०२०.६६) | (२,७०,३७,०२०.६६) | (१९,५५,०२,०८६.५९) | (१९,५५,०२,०८६.५९) |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | ३,१६,८५,४०५.२८ | ३,१६,८५,४०५.२८ | २२,८९,९१,७४२.६० | २२,८९,९१,७४२.६० |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | | | | |
| छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | ४६,४८,३८४.६२ | ४६,४८,३८४.६२ | ३,३४,८९,६५६.०१ | ३,३४,८९,६५६.०१ |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | | | | |

३ **एकिकृत आर्थिक प्रतिवेदन**

| सि.नं | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | ३२०३०६६१.२८ | १ | चालु खर्च | २८८६२०२३२.८६ | २८८६२०२३२.८६ |
| | क) संचितकोष | ३१२८९१८६ | | २ | पूँजीगत खर्च | ९४२०६९८५.०४ | ९४२०६९८५.०४ |
| | ख) धरौटी | ३४९७२८ | | ३ | वित्तिय व्यवस्था भुक्तानी | | |
| | ग) विविध खर्च खाता | ३४५९०४.२८ | | | क) ऋण भुक्तानी | | |
| | घ) प्रकोप व्यवस्थापन | ४५८४३ | | | ख) ब्याज भुक्तानी | | |
| २ | राजस्व ( आन्तरिक आय) | | ६३७९५७७४.८३ | | ग) अन्य भुक्तानी | | |
| | क) आन्तरिक राजस्व | १०६१८०४.२० | | | | | |
| | ख) राजस्व बाँडफाँड (संघ) | ६१८८०५१९.६३ | | | | | |
| | ग) राजस्व बाँडफाँड (प्रदेश) | ८५३४५१ | | ४ | लगानी | | |
| ३ | वित्तिय हस्तान्तरण संघ | | २६५७४३३९३ | | ऋण लगानी | | |
| | क) वित्तिय समानीकरण अनुदान | ८२५८४००० | | | शेयर लगानी | | |
| | ख) सशर्त अनुदान | १७४०४५०२८ | | | अन्य लगानी | | |
| | ग) समपूरक अनुदान | ४११४३६५ | | ५ | धरौटी फिर्ता | | |
| | घ) विशेष अनुदान | ५०००००० | | ६ | जनश्रमदान फिर्ता | | |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | ३५१८२०४० | ७. | शसर्त अनुदान फिर्ता | ५८१६९६३.६५ | ५८१६९६३.६५ |
| | क) वित्तिय समानीकरण अनुदान | ९९६६००० | | ८. | अन्तर सरकारी अख्तियारीबाट खर्च | | ९०८८८६९०.३० |
| | ख) सशर्त अनुदान | २५२१६०४० | | | क सामाजिक सुरक्षा | ७२८९५४३२ | |
| | ग) समपुरक अनुदान | | | | ख) स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम | ४०००००० | |
| | घ) विशेष अनुदान | | | | ग) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ११७९२१९२.३० | |
| | | | | | घ) शिक्षा, विज्ञान तथा प्रविधि | २८१०६६ | |
| | | | | | ङ) आन्तरिक मामिला तथा कानून मन्त्रालय | १९२०००० | |
| | | | | ९ | मौज्दात | | ९७००५८८.५४ |
| ५ | अन्तर सरकारी | | ९०८८८६९०.३० | | क) संचित कोष | ८१६१५४४.३१ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | अख्तियारीबाट प्राप्त | | | | मौज्दात | | |
| | क सामाजिक सुरक्षा | ७२८९५४३२ | | | ख) धरौटी मौज्दात | ८९९१७४ | |
| | ख) स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम | ४०००००० | | | ग) विविध कोष खाता मौज्दात | ५९४०२७.२३ | |
| | ग) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ११७९२१९२.३० | | | घ) प्रकोप व्यवस्थापन | ४५८४३ | |
| | घ) शिक्षा, विज्ञान तथा प्रविधि | २८१०६६ | | | ङ) नगद मौज्दात | | |
| | ङ) आन्तरिक मामिला तथा कानून मन्त्रालय | १९२०००० | | | | | |
| ६ | अन्य | | | | | | |
| | क) क्षेत्रीय शहरी विकास | | | | | | |
| | ख) सडक बोर्ड नेपाल | | | | | | |
| | ग) पर्यटन बोर्ड नेपाल | | | | | | |
| | घ) एन एन एस डब्लु ए | | | | | | |
| ७ | विभिन्न कोषतर्फको आय | | | | | | |
| ८ | जनसहभागिता (नगद) | | | | | | |
| ९ | सोधभर्ना बापतको आय | ४४८००० | ४४८००० | | | | |
| १० | धरौटी आय | ५४९४४६ | ५४९४४६ | | | | |
| ११ | विविध खर्च आय | ५९५४५४.९८ | ५९५४५४.९८ | | | | |
| | जम्मा | ४८९२३३४६०.४ | ४८९२३३४६०.४ | | जम्मा | ४८९२३३४६०.४ | ४८९२३३४६०.४ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

४ **वित्तीय प्रतिवेदन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने र दफा ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नानुसार देखिएको छः

४.१ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले संघीय सरकार तर्फको सामाजिक सुरक्षा तथा संरक्षणको रु.७,२८,९५,४३२, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको रु.२,८१,०६६,स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.१,१७,९२,१९२.३० र स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रमको रु.४०,००,०००, प्रदेश सरकार तर्फ आन्तरिक मामिला तथा कानून मन्त्रालयको रु.१९,२०,००० समेत रु.९,०८,८८,६९०.३

सुत्रमा लेखाङ्कन गरेको छैन ।जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत् हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

४.२ **जिम्मेवारी फरक परेको** – स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी यकिन गर्नुपर्दछ । म.ले.प.फा.नं.२७० अनुसार गत वर्षको अन्त्यमा बैक तथा नगद मौज्दात रु.३,३४,८९,६५६.०१ रहेकोमा सुत्र सफ्टवेयरमा रु.३,१६,८५,४०५.२८ जिम्मेवारी सारेको देखियो । जसअनुसार रु.१८,०४,२५०.७३ घटि जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिन्छ ।त्यसैगरी गत वर्षको मलेप प्रतिवेदनमा बाँकी मौज्दात रु.३,०१,७३,७७७ देखाएकोमा यसबर्षको जिम्मेवारी रु.३,२०,३०,६६१.२८ सार्दा रु.१८,५६,८८४.२८ बढि जिम्मेवारी सारेको सम्बन्धमा गत बर्षको म.ले.प. प्रतिवेदनमा मौज्दातको जोड जम्मा छुटेका कारण बढि जिम्मेवारी सारेको पालिकाले उल्लेख गरेको छ । म.ले.प.फा.नं.२७० ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | ३,१६,८५,४०५.२८ | ३५,८४,८९,२५९.९८ | ३८,५९,१६,५६४.६७ | ४६,४८,३८४.६२ |
| एकीकृत आर्थिक विवरणअनुसार | ३२०३०६६१.२८ | ४५,७२,०२,७९९.१२ | ४७,९५,३२,८७१.८६ | ९७,००,५८८.५४ |
| फरक | -३,४५,२५६ | -९,८७,१३,५३९.१४ | -९,३६,१६,३०७.१९ | -५०,५२,२०३.९२ |

४.३ **दाखिला गर्न बाँकी राजस्व** - सुत्र सफ्टवेयरको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको दायित्व समेत देहायको गो.भौ.नं.बाट चेक प्रिन्ट गर्न बाँकी रु.५,३९,८२७ समेत दायित्व यकिन भई सकेको रकम लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । अत उक्त रकम सम्बन्धीत खातामा दाखिला गर्नुपर्ने रु.

| गो.भौ.नं. | भुक्तानी प्राप्त गर्न | रकम |
|---|---|---|
| १३ | आन्तरिक राजश्व कार्यालय, जुम्ला | १०५६ |
| १७३ | आन्तरिक राजश्व कार्यालय, जुम्ला | २४२१ |
| ४८८ | आन्तरिक राजश्व कार्यालय, जुम्ला | ३९०८ |
| ६३७ | आन्तरिक राजश्व कार्यालय, जुम्ला | ३०९४ |
| ७०५ | आन्तरिक राजश्व कार्यालय, जुम्ला | १५०० |
| ७१० | आन्तरिक राजश्व कार्यालय, जुम्ला | १०७१० |
| ७१२ | आन्तरिक राजश्व कार्यालय, जुम्ला | १७२५ |
| ७१२ | आन्तरिक राजश्व कार्यालय, जुम्ला | ९४७ |
| ७१२ | आन्तरिक राजश्व कार्यालय, जुम्ला | १४८२ |
| ७३१ | आन्तरिक राजश्व कार्यालय, जुम्ला | १२७९ |
| ७३१ | आन्तरिक राजश्व कार्यालय, सुर्खेत | ३३२६ |
| ८३६ | करदाता सेवा कार्यालय, जुम्ला | ९५९१ |
| १०११ | करदाता सेवा कार्यालय, जुम्ला | ३६१० |
| १६ | आन्तरिक राजश्व कार्यालय, जुम्ला | ४४१७३ |
| १६ | आन्तरिक राजश्व कार्यालय, जुम्ला | ३२९३१ |
| ८२ | आन्तरिक राजश्व कार्यालय, जुम्ला | २९६४ |
| ९२ | सानिमा बैंक लि. (धरौटी) | १८३५२३ |
| ९४ | आन्तरिक राजश्व कार्यालय, जुम्ला | १३२८ |
| ९४ | आन्तरिक राजश्व कार्यालय, जुम्ला | ३४५२ |
| ९६ | आन्तरिक राजश्व कार्यालय, जुम्ला | ६६३७ |
| ९६ | करदाता सेवा कार्यालय, जुम्ला | १७२५७ |
| ९९ | आन्तरिक राजश्व कार्यालय, जुम्ला | ६६१७ |
| ९९ | करदाता सेवा कार्यालय, जुम्ला | १७२०६ |
| २९ | करदाता सेवा कार्यालय, जुम्ला | ३१९२ |
| ३५ | करदाता सेवा कार्यालय, जुम्ला | १०४०७ |
| ४० | आन्तरिक राजस्व कार्यालय, हरिहर भवन | १०५६८ |
| ४४ | आन्तरिक राजश्व कार्यालय, जुम्ला | ३१४० |
| १३२ | आन्तरिक राजश्व कार्यालय, जुम्ला | १३१७ |
| १३४ | करदाता सेवा कार्यालय, जुम्ला | ३४४३४ |
| १३६ | करदाता सेवा कार्यालय, जुम्ला | २४८९७ |
| | | |

| | | |
|---|---|---|
| १४२ | करदाता सेवा कार्यालय, जुम्ला | ३१६८६ |
| १६२ | आन्तरिक राजश्व कार्यालय, जुम्ला | ११९३१ |
| १६२ | करदाता सेवा कार्यालय, जुम्ला | ४८३१८ |
| | जम्मा | ५३९८२७ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,३९,८२७ |

४.४ **आर्थिक कारोबारको लेखाङ्कनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा तोकिएको ढाँचामा आर्थिक कारोवारको लेखाङ्कन गरी नेपाल सार्वजनिक क्षेत्र लेखामान NEPSAS अनुसार प्रतिवेदन गर्नु पर्दछ । स्वीकृत लेखा ढाँचामा देहायको बिबरण समेत अभिलेखमा आउने गरी म.ले.प. फारामहरुको प्रयोग गरी एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार आर्थिक कारोवारको लेखाङ्कन गरेको पाईएन । पालिकाले बैक हिसाब मिलान बिबरण २१२, भुक्तानी दिन बाकी, प्राप्त रकमको मास्केवारी- २२२, सन्तुलन परिक्षण- २२५, बजेट रकमान्तर/कार्यक्रम संसोधनको बिबरण- ३०४, बस्तु तथा निर्माणको खरिद योजना- ३११, परामर्श सेवाको खरिद योजना- ३१२, मर्मत सम्भार तथा संरक्षण अभिलेख खाता-४१५, घर जग्गाको लगत किताब-४१७, आइटमवाइज कार्य अभिलेख खाता- ५०५, ठेक्कासँग सम्बन्धीत गोश्वारा लगत- ५०७, बेरुजु लगत- ८०१, सम्परीक्षण गोश्वारा अभिलेख- ८०५, बिद्युतिय प्रणाली प्रयोगकर्ताको बिबरण, परिबर्तन र स्थगन अभिलेख-९०२, भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख ९०७, तयार गरेको देखिएन । स्वीकृत लेखा ढाँचामा लेखा राखी नेपाल सार्वजनिक क्षेत्र लेखामान अनुसार आर्थिक विवरण तथा प्रतिवेदन तयार गर्नु पर्दछ ।

## ५ आन्तरिक नियन्त्रण

५.१ **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा दिग्दर्शन, २०७८ (नमुना सहित) तर्जुमा गरी सबै स्थानीय तहहरूलाई कार्यान्वियन गर्न मिति २०७८।०८।१३ मा परिपत्र गरेको छ । हालसम्म यस पालिकाले सो बमोजिमको आन्तरिक नियन्त्रणं प्रणाली निर्देशिका बनाई लागु गरेको छैन। वित्तीय व्यवस्थापन कार्यमा आन्तरिक जाँच र आन्तरिक लेखापरीक्षण प्रभावकारी हुन सकेको छैन । अनुगमन तथा मूल्यांकलाई प्रभावकारी बनाउन सकेको छैन । जसले गर्दा आन्तरिक नियन्त्रण प्रणालीको प्रमुख उद्देश्य अनुसार पालिकाले निर्धारित विधि र प्रक्रिया अनुसार कार्यसम्पादन गरी लक्ष्य प्राप्त गर्नु पर्नेमा सो नभएको, सम्भावित जोखिमहरूको समयमै पहिचान, रोकथाम र नियन्त्रण प्रभावकारी हुन नसकेको, कार्य सञ्चालन व्यवस्थित, सिलसिलावद्ध हुन नसकेको, स्रोत साधन र सम्पत्तीको उपयोगमा मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता ल्याउन नसकिएको, प्रचलित ऐन, नियम लगायतका कानूनी व्यवस्था तथा कार्यविधिको पालनामा प्रभावकारिता आउन नसकेको, वित्तीय जिम्मेवारी र अनुशासन कायम गरी वित्तीय पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन प्रभावकारी हुन नसकेको अवस्था छ । जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यसमा सुधार हुनु पर्दछ ।

५.२ **भ्रमण खर्च :** कर्णाली प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७७ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीहरुलाई भ्रमण खर्च बापत रु.१९,९०,३०७ खर्च लेखेकोमा अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन नभई कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको,नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त नभएको,भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमण खर्च लेखेको, कतिपय भ्रमण कार्यालयसँग असम्बन्धीत ठाउँ गएको जनाई सो बापतको खर्च लेखेको देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।

५.३ **जिन्सी व्यवस्थापन** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाई २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा PAMS मा प्रविष्ट गरी सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार नगरेको, गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका सम्पूर्ण सामाग्रीको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा सो नगरेको, गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक नगरेकोले पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

५.४ **वडा कार्यालय तथा अन्य शाखाबाट खरिद** –आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०7७ को नियम ९५(१) मा कार्यालयमा रहेको र खरिद गरी वा नगरी वा कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको जिन्सी मालसामानको विवरण र मुल्य समेत खुलाई जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधि स्रेस्ता खडा गरी अधावधिक गरी राख्नु पर्ने व्यवस्था छ । वडा तथा अन्य शाखाको खरिदको नमुना छनौट गरीएकोमा वडा सञ्चालनको लागि आवश्यक सामग्री वडा सचिव तथा शाखा प्रमुख आफैले माग फारम तयार गर्ने, खरिद आदेश दिने र वडा र शाखाको छुट्टै जिन्सी खातामा प्रविष्टी गर्ने, दाखिलामा जिन्सी सम्बन्धी आवश्यक स्पेशिफिकेशन नखुलाई जिन्सी आम्दानी गर्ने र कार्यालयले सोही बमोजिम विल भुक्तानी गर्ने गरेको पाइयो । बजेट सञ्चालन गर्ने निकायबाट सामग्री खरिद गरी मुल जिन्सी अभिलेख PAMS मा चढाई हस्तान्तरण मार्फत् वडा कार्यालयमा दिनुपर्ने र वडाले आफूले प्राप्त गरेको जिन्सी सहायक जिन्सी खातामा आम्दानी गर्नुपर्नेमा सो नगरेको कारण एकीकृत जिन्सी अभिलेख तयार भएको देखिएन । यसमा सुधार हुनुपर्दछ।यसका केहि उदाहरण निम्नानुसार छन् –

| **गो.भौ.नं.।मिति** | **भुक्तानी प्राप्त गर्नेको नाम** | **खरिद सामाग्री** | **रकम** |
|---|---|---|---|
| ७३८।२०८१-०३-०५ | जैदन सार्की | कार्यालय सामाग्री | ३०,३६३ |
| ५९७।२०८१-०२-०९ | कर्णाली प्रदेश स्टेस्नरी एण्ड स्पोर्ट हाउस | मसलन्द तथा कार्यालय सामाग्री | २१,८०० |
| ७४२।२०८१-०३-०५ | चौलागाई स्टेनसरी पसल | मसलन्द तथा कार्यालय सामाग्री | ४४,००० |
| ११७।२०८०-०७-२३ | रंगलाल देवकोटा | मसलन्द तथा कार्यालय सामाग्री | १,००,००० |
| ८७१। २०८१-०३-२१ | त्रिवेणी ट्रेड सेन्टर | मसलन्द तथा कार्यालय सामाग्री | ५६,५७० |
| ६। २०८०-०६-२५ | प्रेम बहादुर खत्री | मसलन्द तथा कार्यालय सामाग्री | १,००,००० |
| ७६१।२०८१-०३-१० | प्रकाश कुमार के.सी.(खत्री) | मसलन्द तथा कार्यालय सामाग्री | २८,५०० |
| ०६।२०८०-०६-२५ | प्रेम बहादुर खत्री | मसलन्द तथा कार्यालय सामाग्री | १,००,००० |
| ७२४।२०८१-०२-२९ | बन्दना के.सी. | मसलन्द तथा कार्यालय सामाग्री | ५७,००० |
| ७४२।२०८१-०३-०५ | चौलागाई स्टेशनरी पसल | मसलन्द तथा कार्यालय सामाग्री | ४४,००० |
| ७४३।२०८१-०३-०५ | बन्दना के.सी. | मसलन्द तथा कार्यालय सामाग्री | ५२,५८० |
| ८७१।२०८१-०३-२१ | त्रिवेणी ट्रेड सेन्टर | मसलन्द तथा कार्यालय सामाग्री | ५६,५७० |
| ६१८।२०८१-०२-११ | तेज बहादुर शाही | मसलन्द तथा कार्यालय सामाग्री | १,२९,४०५ |
| | | जम्मा | ८,२०,७८८ |

## ६ **योजना तर्जुमा, बजेट तथा कार्यक्रमतर्फ**

६.१ **नीति तथा कार्यक्रमको कार्यान्वयन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ (१) मा ४ सदस्यीय बजेट तथा कायक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथामिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपुरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएतापनि आगामी आर्थिक वर्षको केही नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथामिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । नीति तथा कार्यक्रममा उल्लेख भएका ब्यहोराहरु कार्यान्वियन नभएका केही उदाहरणहरु देहाय अनुसार रहेका छन् -

- एउटा योजनामा पाँच लाख भन्दा मुनिका योजना छनौट गर्न नपाईने नीति लागु गर्ने ,
- सस्तो सहुलियत ब्याजदरमा ऋण लगानी गरी पालिकामै सिपमूलक र आय आर्जनमूलक कार्यक्रमको लागि बजेट व्यवस्थापन गर्ने ,
- पाँच सैयाको अस्पताल स्थापनाको लागि निर्माण कार्य शुरु गर्ने,
- गुणस्तरीय शिक्षालाई लागु गर्नका लागि विद्यार्थी संख्याको आधारमा शिक्षक दरबन्दि मिलान,कुशल प्रशासन,दक्ष शिक्षकको व्यवस्थापन गर्ने,
- ५ वटा भैँसी पाल्ने र ५० वटा भेडा ब्राख्रा पाल्नेलाई मासिक रु.५०० गोठालो भत्ता बापत प्रदान गर्ने,
- पशुमेला सञ्चालन गरि उत्कृष्ट कृषकलाई सम्मान सहित पुरस्कारको व्यवस्था मिलाउने,
- गाउँपालिका र वडा कार्यालयमा डिजिटल नागरिक वडापत्र र टोल फ्रि नम्बरको व्यवस्थापन गर्ने
- नून र चामलको खाद्य डिपो स्थापना गर्ने,
- बालविवाह बिरुद्धको ३ बर्षे रणनीतिक योजना निर्माण गर्ने,
- बाँझो जग्गालाई उपयोग गर्ने कृषि समूहलाई अनुदानको व्यवस्था गर्ने ।

गाउँसभामा प्रस्तुत नीति तथा कार्याक्रममा उल्लेखित ब्यहोराहरुको कार्यान्वयनको लागि आवश्यक पहल गर्नु पर्ने देखिन्छ ।

६.२ **बजेट सीमा निर्धारण समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कुल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गनुपर्ने जस्ता कार्यहरु फागुन महिनाभित्र सम्पन्न गरी सक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्ष पछिको थप दुई वर्षको समेत प्रक्षेपण गर्नुका साथै तयार भएको आगामी आर्थिक बर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत्र १५ गते भित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेको छ । ऐनमा व्यवस्था भए अनुसार बजेट सीमा लगाएत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धीत पदाधिकारीको ध्यान जानुपर्दछ ।

६.३ **रकमान्तर** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ अनुसार कार्यपालिकाको स्वीकृत वार्षिक बजेटको अधीनमा रही कुनै शीर्षकबाट पूँजीगत शीर्षकमा पच्चीस प्रतिशतमा नबढाई रकमान्तर गर्न सक्नेछ । त्यस्तै स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वियन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को नियम ३.१ मा पूँजिगत शीर्षकको रुपमा विनियोजन भएको रकम चालु खर्चमा रकमान्तर नगर्ने उल्लेख गरेको छ । यस वर्ष पालिकाले शीर्षकगत रुपमा एकमुष्ठ रु. ८,७७,२३,६३३ रकमान्तर गरेको छ । यसले गर्दा कुन शीर्षकबाट कुन शीर्षकमा रकमान्तर भएको हो यकिन भएन । कानुनमा भएको व्यवस्थाको परिपालना गरी रकमान्तर गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

६.४ **अबण्डा बजेट :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष जनतासँग अध्यक्ष भेटघाट कार्यक्रममा रु.६,५०,००० र संघ संस्था साझेदारी कार्यक्रममा रु.५९,००,००० समेत रु.६५,५०,००० अवण्डा वजेट राखि रु.६२,६९,४३३ खर्च लेखेको छ । उक्त कार्यक्रम मध्ये संघ संस्था साझेदारी कार्यक्रमको कार्यविधि तर्जुमा गरेको छैन । कानुनी आधार वेगर खर्च लेख्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

६.५ **गत वर्षको भुक्तानी** – आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९.२(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ।त्यस्तै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १३ अनुसार को.ले.नि.का.बाट प्रमाणित गराई राख्नुपर्ने व्यवस्था छ। पालिकाले भुक्तानी दिन बाँकी रहेको बिबरण प्रमाणित वेगन नै कार्यपालिकाको मिति २०८०-०६-१६ को निर्णयबाट सभामा पेश भई बजेटमा समावेश गरि गत आ.व.को रु.९५,०६,७२१.८९ भुक्तानी दिएको विवरण पेश गरेको छ ।आर्थिक वर्ष भित्रै सम्पन्न गर्नुपर्ने योजना तथा कार्यक्रम समयमा नै सम्पन्न नगरेको कारण बजेट खर्च नभई आगामी वर्षको लागि दायित्व सरेको देखिन्छ । तसर्थ ठूला तथा बहु वर्षीय योजना तर्जुमा गर्ने तथा कार्यक्रम समयमै सञ्चालन गरी आगामी वर्षको लागि दायित्व सिर्जना गरी खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

६.६ **त्रैमासिक पूँजीगत खर्च** –आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण बनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशीर्षक | कुल खर्च | त्रैमासिक खर्च (रकम रु.हजारमा) | | | | अषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | ९७,१९६ | २०,९३७ | ३०,०७३ | ४,४५८ | ४१,७२७ | २७,२५० |
| प्रतिशत | १००% | २१.५४% | ३०.९४ | ४.५८ | ४२.९४ | २८.०३ |

उपलब्ध विवरणअनुसार वार्षिक रु.९७,१९६ हजार पूँजिगत खर्च भएकोमा प्रथम त्रैमासिकमा रु.२०,९३७ हजार(२१.५४ प्रतिशत) ,दोस्रो त्रैमासिकमा रु.३०,०७३ हजार(३०.९४ प्रतिशत), तेस्रो त्रैमासिकमा रु.४,४५८ हजार (४.५८ प्रतिशत) र चौथौ त्रैमासिकमा रु.४१,७२७ हजार (४२.९४ प्रतिशत ) खर्च गरेको देखिएको छ । यसरी नै अषाढ महिनामा मात्र रु.२७,२५० हजार (२८.०३ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिकमा रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप अषाढ खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

६.७ **क्षेत्रगत बजेट र खर्च** – स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ५,६९,१२,९१३ | ४,६९,६६,००१ | १२.१६ |
| २ | पूर्वाधार विकास | १५,८३,९२,५४५ | १५,१६,५४,६०६ | ३९.२९ |
| ३ | सामाजिक विकास | ३६३८०००० | ३,०७,७३,१६४ | ७.९७ |
| ४ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १,५६,६९,६२३ | १,३१,०५,११० | ३.३९ |
| ५ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | १५,७५,७३,३३३ | १४,३४,१७,६८२ | ३७.१९ |
| **जम्मा** | | **४२,४९,२८,४१४** | **३८,५९,१६,५६४** | **१००** |

उल्लिखित विवरण अनुसार कुल खर्च मध्ये आर्थिक विकासतर्फ १२.१६ प्रतिशत, सामाजिक क्षेत्रतर्फ ७.९७ प्रतिशत, पूर्वाधारतर्फ ३९.२९ प्रतिशत, संस्थागत विकास, सेवा प्रवाह र सुशासनतर्फ क्षेत्रतर्फ ३.३९ प्रतिशत र अन्य कार्यालय सञ्चालन तथा प्रशासनिकतर्फ ३७.१९ प्रतिशतले खर्च गरेको छ। आर्थिक विकासतर्फ १२.१६ प्रतिशत मात्र खर्च रहेको देखिँदा गरिवी निवारण लगायतको कामको लागि यस क्षेत्रमा अधिक भन्दा अधिक बजेट विनियोजन गरि खर्च गर्नुपर्ने एवम् कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्रमा खर्च धेरै गरेकोले प्रशासनिक खर्च तर्फ मितव्ययीता कायम हुनुपर्दछ । साथै, संस्थागत विकास, सेवा प्रवाह र सुशासन मा विनियोजन रकम एवं खर्च अभिबृद्धि गर्नुपर्दछ।

६.८ **वार्षिक खरिद योजना/गुरुयोजना :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोड भन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने तथा नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.९,७१,९६,८०५.०४ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

## ७ खर्च बिश्लेषण

पालिकाले यस बर्ष कुल आन्तरिक आयबाट रु.१०,६१,८०४.२० राजस्व बाँडफाँट र अनुदानबाट रु.४५,६१,४०,९९१.५६ समेत रु.४५,७२,०२,७५९.७६ आम्दानी भएकोमा चालु तर्फ रु.२८,८६,२०,२३२.८६ र पूँजिगत तर्फ रु.९,७१,९६,८०५.०४ समेत रु.३८,५८,१७,०३७.९० खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.३५ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुविधामा रु.७१,३३,५०० खर्च भएको छ जुन यस बर्षको आन्तरिक आयको ६७१.८२ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँटको रकमबाट ७४.८१ प्रतिशत चालु र २५.१९ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढी खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिक रुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गर्नु पर्दछ ।

## ८ योजना र कार्यान्वयन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागीतामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने साथै मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलब्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समिति तथा निर्माण व्यवसायी मार्फत् भएका कामका योजनाहरु देहायअनुसार छन्:

| क्र.सं. | विवरण | योजनासंख्या | रकम |
|---|---|---|---|
| १ | रु ५ लाखभन्दा कमको योजना | ३५ | ५६,०३,००० |
| २ | रु ५ लाख एक देखि २० लाख सम्मका योजना | ४१ | ४,६७,००,००० |
| ३ | रु २० लाखदेखि माथिका योजना | ८ | ३,६२,००,००० |
| | जम्मा | ८४ | ८,८५,०३,००० |

९ **सवारीसाधन खरिद**

अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वियन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ।पालिकाले यस वर्ष प्रतिस्पर्धा वेगर देहायका फर्महरुबाट खरिद गरेको १० वटा मोटरसाइकल लेखापरीक्षण अवधिसम्म पनि नामसारी भइ नआएकोले नियमित गरि प्रमाण पेश हुनुपर्ने रु.

| भौचर नं | फर्मको नाम | विवरण | रकम |
|---|---|---|---|
| ३३।२०८०।७।२२ | गोविन्द ट्रेड सप्लायर्स | मोटरसाइकल ३ थान | १२,०६,१२०। |
| ६९।२०८०।१२।३ , ८५, ८६।२०८१।२।६ १२।२०८१।३।१५-संघीय_ | असिम अटोपार्टस | मोटरसाइकल ७ थान | २२,४४,०३०। |
| | | जम्मा | ३४,५०,१५०। |
| | | प्रमाण पेश नगरेको | ३४,५०,१५० |

१० **अनुदान फिर्ता**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ मा वित्तीय हस्तान्तरणको रकममध्ये सम्बन्धीत आर्थिक वर्षभित्र खर्च नभई बाँकी रहेको सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदानको रकम सोही आर्थिक वर्षभित्र फिर्ता गर्नु पर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०८१ अषाढ मसान्तमा अनुदान खर्च नभई बाँकी रकम संघीय सरकारतर्फको रु.५४,१०,९३५ र प्रदेश सरकारतर्फको रु.४,०६,०२८ मिति २०८१-०४-०२ मा फिर्ता गरेको देखाएको छ । आर्थिक बर्षको अन्त्यमानै रकम फिर्ता गर्ने व्यवस्थाको पालना हुनुपर्दछ ।

११ **न्यायीक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्षको जिम्मेवारी २ उजुरी, यो बर्ष दर्ता भएका ५५ उजुरी समेत ५७ उजुरी दर्ता भएकोमा ४८ वटा मात्र फस्यौर्ट भई ५ वटा बाँकी देखिएकोमा उक्त मुद्धाहरु म्यादभित्र फस्यौर्ट भए नभएको देखिने गरि अभिलेख राखेको छैन् । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्याद भित्र फस्यौर्ट गरिएको अभिलेख राखी कारवाहीको टुङ्गो लगाउनुपर्छ ।

१२ **कानून निमार्ण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जस अनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३९ नमुना कानूनहरु बनाई उपलब्ध गराएकोमा गाउँपलिकाले यस बर्ष देहायको कानूनन निर्माण गरी कार्यान्वियन ल्याएको छ ।उक्त कानूनहरु राजपत्रमा प्रकाशित नभएको विवरण पेश गरेको छ ।आवश्यकता अनुसार कानून तर्जुमा गरि राजपत्रमा प्रकाशन गर्नु पर्दछ ।

| सि.नं. | कानून निर्माण | सभाबाट स्वीकृत मिति |
|---|---|---|
| १ | सान्नी त्रिवेणी गाउँकार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण कार्यविधि नियमावली,२०८० | २०८०।०९।२५ |
| २ | सान्नी त्रिवेणी गाउँपालिकाको क्यान्टिन सञ्चालन सम्बन्धी कार्यविधि,२०८० | २०८०।०९।२५ |
| ३ | सान्नी त्रिवेणी गाउँपालिकाको जनतासगँ अध्यक्ष घरभेट कार्यक्रम सञ्चालन कार्यविधि ,२०८० | २०८०।०९।२५ |
| ४ | लक्षित वर्ग कार्यक्रम सञ्चालन कार्यविधि,२०८० | २०८०।०९।२५ |
| ५ | बाल गुनासो प्रणाली सञ्चालन कार्विधि,२०८० | २०८०।०९।२५ |
| ६ | प्रधानाध्यापक छनौट तथा ब्यावस्थापन सम्बन्धी कार्यविधि,२०८०० | २०८०।०९।२५ |
| ७ | गाउँ खेलकुद बिकास समिति गठन तथा परिचालन कार्विधि,२०८० | २०८०।०९।२५ |
| ८ | पोषणमैत्री स्थानीय शासन वडा तथा पालिका घोषणा कार्यविध ,२०८० | २०८१।०३।०८ |
| ९ | खानेपानी तथा सरसफाई र स्वच्छता सम्बन्धमा ब्यावस्था गर्ने बनेको ऐन,२०८० | २०८१।०३।०८ |
| १० | पोषणमैत्रि स्थानीय तह घोषणाका लागि बहुक्षेत्रिय पोषण सेवा बिस्तार कार्यक्रम कार्यन्वयन निर्देशिका,२०८० | २०८१।०३।०८ |
| ११ | सान्नी त्रिवेणी गाउँपालिकाको गाउँपालिका पहिरो आकास्मिक योजना,२०८० | २०८१।०३।०८ |
| १२ | बिपद पूर्वतयारी प्रतिकार्य योजना,२०८० | २०८१।०३।०८ |
| १३ | सान्नी त्रिवेणी गाउँपालिकाको सुरक्षित मातृत्व घुम्ती कोष सञ्चालन तथा ब्यवस्थापन कार्यविधि,२०८० | २०८१।०३।०८ |

१३ **अनुदानको अनुगमन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने गरी मितव्ययी तरिकाले खर्च गर्नुपर्ने उल्लेख छ । सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । यो बर्ष पालिकाले कृषि तथा पशु कार्यक्रममा अनुदान खर्च लेखेकोमा अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ।

| अनुदानको प्रकार | खर्च रकम |
|---|---|
| आ.व.२०७९।८० मा स्थापना भएको बाख्रा पकेट विकास कार्यक्रम निरन्तरता | ६,९४,६८५ |
| साना सिंचाई प्रवर्धन कार्यक्रम | ८,६९,६३८ |
| रैथाने बाली प्रवर्धन कार्यक्रम | ३,४६,१०५ |
| आ.व.२०७९।८० मा स्थापना भएको दलहन बाली पकेट विकास कार्यक्रम निरन्तरता | ५,९७,८५० |
| जम्मा | २५,०८,२७८ |

## १४ सहकारी नियमन

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र २० वटा सहकारी संस्था रहेकोमा सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेकोमा सहकारीले उक्त प्रणाली प्रयोग गरेको पाईएन । पालिका भित्रका सम्पुर्ण सहकारी संस्थाहरुबाट एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण अद्यावधिक गरी प्रणालीको प्रयोग हुनुपर्दछ ।

## १५ संगठन तथा कर्मचारी ब्यवस्थापन

१५.१ **दरबन्दी तथा पदपूर्ती :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्य बोझ, राजस्व क्षमता, खर्चको आकार स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र सँगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा सँगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४९ दरवन्दी स्वीकृत रहेकोमा पशु विकास अधिकृत,लेखा सहायक,आन्तरिक लेखापरीक्षक सहित ३० जना पदपूर्ति भई प्रमुख प्रशासकीय अधिकृत, लेखा अधिकृत लगायत १९ पद रिक्त भएको देखिन्छ । दरबन्दी बमोजिम जनशक्ति पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पलिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ ।प्रदेश लोक सेवा आयोग मार्फत् यथाशीघ्र पदपूर्ति गर्नुपर्दछ ।

१५.२ **तलवी प्रतिवेदन :** निजामती सेवा ऐन २०४९ को दफा ७ ख को उपदफा २, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ ।पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई संघीय सरकार हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ कर्मचारीको रु.२,४०,७४,१५८ र पालिका चालु समानिकरणतर्फ कर्मचारीको रु.१,६१,२५,७५५ समेत रु.४,०१,९९,९१४ खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी तलब खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

१५.३ **कर्मचारी करार** –स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी सँगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले अ.न.मी., ल्याब असिस्टेन्ट, अमिन, ईलेक्ट्रिसियन, कार्यालय सहयोगी, स्वीपर, सवारी चालक,कृषि पशु प्राविधिक,रेडियो कर्मचारी लगायत पदमा ८८ जना कर्मचारी करार तथा ज्यालादारीमा नियुक्ति गरी बर्ष भरि रु.२,२७,२८,७६६ खर्च लेखेको विवरण पेश गरेको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ०५, मिति २०७९-०४-०१ को नमुना सँगठन संरचना र दरबन्दिको परिपत्रको आधारमा आधारभुत अस्पताल र

आधारभुत स्वास्थ्य सेवा केन्द्रको अस्थायी दरबन्दीमा स्वास्थ्यकर्मी करारमा कर्मचारी नियुक्त गरेको विवरण पेश गरेको छ ।

त्यसैगरी सोही ऐनको दफा ८३ (८) वमोजिम पालिकाले गाउँ प्रहरी, सवारी चालक, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बँगौचे लगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ।पालिकाबाट पेश भएको विवरण अनुसार माथि उल्लिखित पद वाहेक पालिकामा दरबन्दी नरहेको कम्प्यूटर अपरेटर,कार्यालय सहायक,गौरसरकारी शाखा संयोजक,ना.प्रा.स.,रेडियो कार्यक्रम संयोजक,रेडियो समाचार प्रमुख, रेडियो स्टेशन म्यानेजर,अमिन,टेक्निसियन,सम्पर्क व्यक्ति लगायतका पदमा १२ जना करारमा नियुक्ति गरी वर्षभरीमा रु.३२,१६,०००। तलब भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ३२,१६,००० |

१५.४ **कल्याण कोष** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । यो बर्ष कर्मचारी अवकाश कोषमा रकम ट्रान्सफर भएको छैन् । पालिकाले उक्त कोषको सञ्चालन सम्बन्धी कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन कानूनी व्यवस्थाको पालना हुनुपर्दछ ।

## १६ आर्थिक सहायता

पालिकाले आर्थिक सहायता कार्याबिधि,२०७९ र आर्थिक सहायता तथा औषधि उपचार कोष सम्बन्धी निर्देशिका,२०७९ वमोजिम यस बर्ष ४५ जनालाई रु.५,९८,००० आर्थिक सहायता खर्च लेखेको छ । गो.भौ.नं.८१९।२०८१-०३-१७ बाट वडा नं.४ मा तेज बहादुर शाहीलाई आर्थिक सहायता बापत रु.६०,००० नगद वितरण गरि सोधभर्ना भुक्तानी भएकोमा लाभग्राहिलाई बैंक खाता मार्फत् भुक्तानी गर्नुपर्नेमा नगद वितरण गरेको भरपाई पेश गरेको छ । यसले सम्बन्धीतले सहायता रकम प्राप्त गरे नगरेको सम्बन्धमा यकिन गर्न सकिएन्। बैंक खाता मार्फत् मात्र आर्थिक सहायता भुक्तानी गर्ने व्यवस्था हुनुपर्दछ ।

## १७ विविध खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिका केन्द्र र वडा कार्यालयको विविधतर्फ चिया/खाजा/खाना लगायतमा यो वर्ष रु.३८,९९,६२७. खर्च गरेको छ ।जुन यस बर्षको आन्तरिक आयको ३६७.२७ प्रतिशत हुन्छ । पालिकाको आन्तरिक आयश्रोत सुदृढ र मजवुत नभएको अवस्थामा यस्तो सुविधा वितरण गर्दा थप आर्थिक व्ययभार पारेको देखिन्छ। यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

## १८ करको दायरा विस्तार

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६४ मा स्थानीय तहले सवारी कर तथा मनोरञ्जन कर तथा सोहि ऐनको दफा ५८ मा व्यवसाय कर आफ्नो कार्यक्षेत्रभित्र तोक्न तथा उठाउन पाउने व्यवस्था छ। यस वर्ष पालिकाले सवारी कर मनोरञ्जन कर व्यवसाय कर संकलन गरेको छैन । पालिका क्षेत्र भित्रका व्यवसायीको अभिलेख अध्यावधिक गरी करको दायराभित्र ल्याउनुपर्ने तथा पालिकाको आन्तरिक आयस्रोतको दायरा र परिमाणलाई बढोत्तरी गर्न यस्ता कर उठाउन उचित कदम चाल्नु पर्दछ।

## १९ इन्धन खर्चको मापदण्ड

सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ बुदां नं.१३ मा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वियनमा ल्याउनु पर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने ,सरकारी सवारी साधन अनाधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ ।पालिकाले उल्लेखित व्यवस्थाको पालना नगरी यस वर्ष भौचरसाथ सरकारी काममा सवारी साधन प्रयोग गरिएकोमा इन्धन खर्चको रकम भुक्तानी गर्दा बिलका साथ खरिद आदेश र सवारी साधन प्रयोग गरिएको लगबुक म.ले.प.फा.नं.९०५ र PAMS मा समेत अभिलेख नराखी इन्धन कार्यालय प्रयोजन तथा पदाधिकारी इन्धन सुविधा ,एम्बुलेन्स १, चारपाङ्ग्रे सवारीसाधन १, मोटरसाइकल १६, एक्जाभेटर १, नयाँ

सडकको ट्रयाक खोल्ने तथा सडक मर्मत समेतको लागि रु.४८,५१,२३२ खर्च गरेको छ । जुन यस बर्षको आन्तरिक आयको ४५६.८८ प्रतिशत रहेको छ । सवारी साधन अनुसार मासिक तथा वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन । इन्धन खर्चलाई मितव्ययी बनाउन कोटा निर्धारण गरी लगवुकको अभिलेख राखेर मात्र खर्च लेख्ने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।

२० **सवारी साधन मर्मत**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९४ वमोजिम सरकारी जिन्सी मालसामान हानी नोक्सानी नहुने गरि संरक्षण गर्ने र तिनीहरुको राम्रो सम्भार गरी वा चालु अवस्थामा राख्ने उत्तरदायित्व सम्वन्धित कार्यालय प्रमुखको हुने उल्लेख छ । सोही वमोजिम कार्यालयमा रहेको चल्ती जिन्सी मालसामान मर्मत गर्नुपर्ने भएमा कार्यालय प्रमुखबाट मर्मत आदेश स्वीकृत गराई मर्मत खर्च लेख्ने र सोको मर्मत अभिलेख तयार गरी राख्नुपर्दछ । पालिकाले मर्मत खर्च भुक्तानी गर्दा मर्मत आवेदन फारम म.ले.प.फा.नं. ४१४ र मर्मत अभिलेख खाता म.ले.प.फा.नं. ४१५ PAMS बाट तयार नगरी एक्जाभेटर १, एम्बुलेन्स १, चारपाङ्ग्रे सवारीसाधन १ र मोटरसाइकल १६ समेतको मर्मतमा रु.२५,९५,५१२.४३ खर्च लेखेको छ । जुन यस बर्षको आन्तरिक आयको २४४.४४ प्रतिशत रहेको छ । मर्मत आवेदन फारम र मर्मत अभिलेख खाता तयार गरेर मात्र खर्च लेख्ने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।

२१ **विपद व्यवस्थापन**

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को १७(१) मा स्थानीय विपद् समितिको गठन दफा १७(२) मा समितिको काम, कर्तव्य र अधिकार तथा दफा ४५ मा समितिको वार्षिक प्रतिवेदन तयारी सम्बन्धमा व्यवस्था छ । पालिकाले मिति २०७९-०२-१३ मा समिति गठन गरे पनि काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्थाको पालना गरेको तथा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना गर्नु पर्दछ ।

२२ **खरिद कारवाहीको अभिलेख**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १४९ (१) अनुसार सार्वजनिक निकायले हरेक खरिद कारबाहीको निम्ति छुट्टै फाईल खडा गरी उपनियम २ ले तोके बमोजिमका कागजातहरु सहित अद्यावधिक अभिलेख राख्नु पर्ने र उपनियम ३ मा यस्तो अभिलेख खरिद कारबाही टुङ्गो लागेको सात वर्ष सुरक्षित राख्नु पर्ने व्यवस्था छ । कार्यालयले बोलपत्र र सिलबन्दी दरभाउपत्रबाट भएका खरिद कारवाहीका लागि फाईल खडा गरेको भएता पनि खरिद नियमावलीले तोके बमोजिमका सबै कागजातहरु सिलसिलेबार मिलाएर उक्त फाईलमा राखेको देखिएन । साथै ठेक्का अभिलेख खाता (म.ले.प.फा.नं.५०७) समेत तयार गरी राखेको पाइएन ।उक्त अभिलेखमा गर्नुपर्ने कूल काम, हालसम्म भएको काम तथा बांकी कामको अवस्था, कार्यसम्पादन जमानत, पेश्की लिन पेश गरेको बैंक जमानतको मान्य अवधिको अवस्था, खरिद सम्झौताको म्याद थपको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएसन लगायतका विषयहरु अद्यावधिक गर्नुपर्नेमा पालिकाले सो अनुसारको अभिलेख राखेको पाइएन । अतः स्वीकृत ढांचा अनुसार सबै विवरण खुल्ने गरी ठेक्का अभिलेख तयार गरी अद्यावधिक राख्नुपर्ने देखिन्छ ।

२३ **कर दस्तुर एवं आन्तरिक आय**

२३.१ **स्रेस्ता तथा अभिलेख** -आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७(१) मा प्रचलित कानून बमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले तोकिए बमोजिमको ढाँचामा राजस्वको लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले आन्तरिक राजस्व तर्फ तोकिएको म.ले.प.फा.नं.१०२ देखि १०८ सम्मको स्रेस्ता तथा अभिलेख तयार गरेको पाइएन । स्रेस्ता तथा अभिलेख पूर्ण रुपमा र व्यवस्थित नहुँदा पालिकाले नियमित रुपमा उठाउने मालपोत दस्तुर, सिफारिस दस्तुर, एकीकृत सम्पत्ती कर लगायतका विभिन्न शीर्षकमा प्राप्त गरेको आयको यथार्थता लेखापरीक्षणको क्रममा यकिन गर्न सकिएन । तोकिएका अभिलेख तथा स्रेस्ता तयार गरि आन्तरिक आयलाई व्यवस्थित, पारदर्शी, गणनायोग्य तथा तुलनायोग्य बनाईनुपर्दछ ।

२३.२ **कर तथा शुल्क असुली** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ ।पालिकाले यस वर्ष रु.४१,१६,२५६ लाख आय प्रक्षेपण गरेकोमा रु.१०,६१,८०४.२, अनुमानको २५.७९ प्रतिशत मात्र असुली गरेको विवरण पेश गरेको छ । पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझीलिने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ ।

२३.३ **आन्तरिक आय** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक बर्ष २०८०/८१ मा केन्द्रीय अनुदानको तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| संघीय र प्रदेश अनुदानबाटखर्च | आन्तरिक आय | आय प्रतिशत |
|---|---|---|
| ३८,२८,२७,२१७.९० | १०,६१,८०४.२० | ०.२७ |

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.२७ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यानदिनुपर्ने देखिन्छ ।

२३.४ **सेवा प्रवाह र आम्दानीः** पालिकाले नाता प्रमाणित, घरबाटो सिफारिस, व्यक्तिगत घटना दर्ता सिफारिस लगायतको दस्तुर नगदी रसिदबाट संकलन गरेकोमा के कति संख्यामा उक्त सेवाहरु प्रवाह गर्यो भन्ने खुल्ने सेवा प्रवाहको विवरण तयार गरी पेश गर्न नसकेको कारण सेवा प्रवाह र संकलित राजश्व भिडान गर्न सकिएन ।यसमा सुधार हुनुपर्दछ ।

२३.५ **आय उपकरण परिचालन** -पालिकामा १ पिक अप, १ एम्बुलेन्स र १ एक्जाभेटर संचालिन रहेकोमा उपकरणको चालक, इन्धन र मर्मत खर्च लेखेकोमा ति उपकरण उपयोग, आय र परिचालनको लगसिट लगानी र आय बिश्लेषण गरी सार्वजनिक हितमा प्रयोग गरेको विवरण पेश भएन ।उपकरण सञ्चालन सम्बन्धी कार्यविधि, २०७५ तयार गरेता पनि कार्यान्वयन गरेको नपाइएकोले पालिकाको उपकरणहरु मार्फत् प्रदान गरिने सेवा तथा सञ्चालनको आय र व्यय व्यवस्थित र पारदर्शी तवरले अभिलेख राखि लाभ लागत विश्लेषण समेत गर्नुपर्दछ।

२४ **पूँजिगततर्फ**

२४.१ **न्यूनतम दररेट** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ मा प्रत्येक आर्थिक बर्ष शुरु हुनुभन्दा १५ दिन अगावै आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामाग्री, ज्याला, भाडा तथा महशुलको स्थानीय न्यूतम दररेट तोक्नुपर्ने व्यवस्था छ ।तर पालिकाले हालसम्म स्थानीय न्यूनतम दररेट निर्धारण गरेको पाइएन ।कानूनमा भएको व्यवस्थाको परिपालना हुनुपर्दछ ।

२४.२ **सोझै खरिदः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्नुपर्ने र नियमावली, २०६४ को नियम ८४ मा रू. १० लाख देखि रू.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा बढीको खरिद कार्य बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ । सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासँग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख भएकोमा यो वर्ष पालिकाले एकै प्रकृतिको निम्नानुसारका निर्माण कार्यको लागि प्रतिस्पर्धा नगराई विभिन्न निर्माण व्यवसायीबाट सोझै खरिद गरी रु.४८ लाख ९२ हजार खर्च गरेको छ । ऐन नियममा भएको व्यवस्था बिपरित सोझै खरिद कार्य गरेको नियमसम्मत नदेखिएको रु.

| गो.भौ.नं.।मिति | फर्मको नाम | खरिदको प्रकार | रकम |
|---|---|---|---|
| ४१।२०८०।७।२३ | रियासा निर्माण सेवा | देहमाडु मन्दिर परिसर निर्माण | ९,००,००० |
| ९८।२०८१।२।३० | रियासा निर्माण सेवा | तुसारखोला देखि स्वास्थ्य इकाइ पहिरो सफा गर्ने | ४,९८,००० |
| १२९।२०८१।३।२२ | रियासा निर्माण सेवा | वडा नं ६ को भवन निर्माण | ९,९६,६२० |
| १३३।२०८१।३।२३ | रियासा निर्माण सेवा | एफ एम रेडियो तला थप भवन निर्माण | ९,९७,७०५ |
| १४१।२०८१।३।२४ | रियासा निर्माण सेवा | लक्ष्मीगाउ मुग्रा चौर हुदै पोदमारासम्म सडक मर्मत | ५,००,००० |
| ९५।२०८१।२।११ | सफल निर्माण सेवा | टाटक देखि तिल्खु डेनि सडक मर्मत | ५,००,००० |
| १४४।२०८१।३।२४ | सफल निर्माण सेवा | मेहलमुडी स्वास्थ्य चौकि आइसुलेसन हुदै गापा | ५,००,००० |
| | | जम्मा | ४८,९२,३२५ |

| अनियमित भएको | ४८,९२,३२५ |
|---|---|

२४.३ **भुक्तानीमा कर** - आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टी गरी दफा ९० बमोजिम राजस्व दाखिला गर्नुपर्ने व्यवस्था छ।ठाडो औडार देखि सिउरेगैडासम्मको सडक निर्माणमा उपभोक्ता समितीले पेश गरेको सफल निर्माण सेवाको विल भुक्तानी रु १२,३८,९३८।(मू.अ.कर बाहेक) मा रु १८,५८४। अग्रिम कर कट्टि गर्नुपर्नेमा रु ११,१३१।मात्र कट्टी गरेकोले नपुग रु ७४५३। असुल गरी दाखिला गर्नुपर्ने रु

| क्रम | कर्मचारीको नाम | असुली रकम |
|---|---|---|
| २४.३.१ | छ।ठाडो औडार देखि सिउरेगैडासम्मको सडक निर्माणमा उपभोक्ता समिती | ७,४५३ |

| असुल गर्नुपर्ने | ७,४५३ |
|---|---|

२४.४ **सूचना प्रकाशन :** भौचर नं १०।२०८१।३।१४ गोरखापत्र मार्फत् सरकारी कार्यालयको सूचना प्रकाशन गर्दा २५ प्रतिशत छुट दिने व्यवस्था छ । अन्य विभिन्न पत्रिकाहरुले पनि सूचना प्रकाशनको विलमा १५ प्रतिशत सम्म यस्तो छुट दिने गरेका छन् । पहल मिडिया प्रा.लि.काठमाडौं लाई सूचना प्रकाशन गराए बापतको विल रु ३,७१,०००।(कर वाहेक) भुक्तानीमा कत्ति पनि छुट प्राप्त नभएकोले कम्तिमा १५ प्रतिशत छुट हुने रकम कार्यालयलाई थप व्ययभार पर्न गएको रु.

| अनियमित भएको | ५५,६५० |
|---|---|

२४.५ **मूल्य समायोजन :** सार्वजनिक खरिद नियमयावली, २०६४ को नियम ११९ तथा खरिद सम्झौताको शर्तअनुसार निर्माण व्यवसायीलाई मूल्य समायोजन भुक्तानी गर्न सकिने व्यवस्था छ।पालिकाले नेपाल पव्लिक सर्मिला जे. भि. लाई प्रशासकिय भवनको दोश्रो रनिङ विलको भुक्तानीमा रु ११,८५,९७४।मूल्य समायोजन दिनुपर्नेमा तेश्रो रनिङ विलको समेत रु.१३,२३,८७१ भुक्तानी दिएकोले वढि भुक्तानी दिएको रु.१,५५,८२३। (मू अ कर समेत) असूल हुनुपर्ने रु

| आई.पि.सी. नं. | मुल्य समायोजन गणनायोग्य रकम | मूल्य वृद्धि फ्याक्टर | भुक्तानी दिनुपर्ने रकम |
|---|---|---|---|
| १ | १,३९,६०,८८२। | ५.२५ प्रतिशत | ७,३२,९४६ |
| २ | १,१४,९८,१८०। | ३.९४ प्रतिशत | ४,५३,०२८ |
| | | जम्मा | ११,८५,९७४ |

| असुल गर्नुपर्ने | १,५५,८२३ |
|---|---|

२४.६ **धरौटी कट्टि नगरेको :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(४) मा सार्वजनिक निकायको रनिङ विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा रिटेन्सन मनि बापत विल वा विजकमा उल्लेखित रकमको ५ प्रतिशत रकम कर कट्टि गरी राख्नु पर्नेमा प्रशासकिय भवनको विल रु.१,४९,८८,९१८(मू.अ.कर र पि.एस.आइटम समेत) भुक्तानीमा रु. ६,४१,१०२। धरौटी कट्टि गर्नु पर्नेमा रु.५,४९,४४६।मात्र कट्टि गरेकोले नपुग रु.९१,६५६। धरौटी खातामा जम्मा गरेको प्रमाण पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९१,६५६ |

२४.७ **डि.पि.आर. खर्च** : बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डि.पि.आर. लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नुपर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेको छ । डि.पि.आर.गरेको योजना कार्यान्वियन हुनुपर्दछ ।

| कार्य विवरण | परामर्शदाता | बजेट रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|
| डाडुके लाता छापे हुदै त्रिवेणी पाटन वढी मालिका सडक | स्टोन एक्सेल इन्जिनियरिङ कन्सल्ट्यान्सी प्रा.लि. | ५,००,००० | ४,९८,७२३ | ३,०४,७४,७७६ |

## २५ चालुतर्फ

२५.१ **व्यक्ति तथा पदाधिकारीको नाममा भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४९(१) मा विक्रेताबाट सोझै मालसामान खरिद गर्न नसकिने अवस्थामा मालसामान खरिद गर्न कर्मचारीलाई पेश्की दिन सकिने व्यवस्था छ । सरकारी कामको लागि आवश्यक सामान लगायत अन्य खरिद कार्य कर्मचारी वा पदाधिकारीले व्यक्तिगत श्रोतबाट खर्च गरी कार्यालयमा सोधभर्ना माग गर्ने र भुक्तानी दिने कानूनी व्यवस्था रहेको छैन । वडा कार्यालय सञ्चालन खर्चको लागि विभिन्न मिति र समयको बिल भरपाई पेश गरि सोधभर्ना भुक्तानी दिएको देखियो । यसप्रकार कानूनी प्रचलन प्रतिकूल कर्मचारी वा पदाधिकारीलाई भुक्तानी दिने परिपाटीमा नियन्त्रण गरि सम्बन्धीत आपुर्तिकर्ताको नाममा भुक्तानी गर्ने व्यवस्था गर्नुपर्दछ ।यसका केहि उदाहरण -

| **गो.भौ.नं.।मिति** | **भुक्तानी प्राप्त गर्नेको नाम** | **प्रयोजन** | **भुक्तानी रकम** |
|---|---|---|---|
| ९०।२०८०-०७-२२ | राजन प्रसाद सुवेदी | इन्धन कार्यालय प्रयोजन | ३,१५,००० |
| ९४।२०८०-०७-२२ | कृष्ण कुमारी शाही | मसलन्द तथा कार्यालय सामाग्री | १,१३,२२६ |
| १२८।२०८०-०७-२३ | राम प्रसाद सञ्याल | गत बर्षको विविध | ६५,००० |
| १७६।२०८०-०९-०१ | बैकुण्ठ राज गिरी | गत बर्ष अनुगमन समिति खाजा भत्ता | ४१,००० |
| २४४।२०८०-०९-२६ | भरत सार्की नेपाली | इन्धन र विविध | ७०,७५४ |
| ३३९।२०९०-११-३० | शेर बहादुर वि.क. | इन्धन | ३६,००० |
| ६००।२०८१-०२-०२ | हिमाल थारु | इन्धन कार्यालय प्रयोजन | २२,१९३ |
| ६। २०८०-०६-२५ | प्रेम बहादुर खत्री | मसलन्द तथा कार्यालय सामाग्री | १,००,००० |
| ११७।२०८०-०७-२३ | रंगलाल देवकोटा | मसलन्द तथा कार्यालय सामाग्री | २,५०,००० |
| ७२४।२०८१-०२-२९ | बन्दना के.सी. | मसलन्द तथा कार्यालय सामाग्री | ५७,००० |
| | | जम्मा | १०,७०,१७३ |

२५.२ **पदाधिकारीलाई पेश्की** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा कार्यालयले मालसामान खरिद गर्न, सेवा उपलब्ध गराउन वा निर्माण सम्बन्धी कामको लागि सरकारी कर्मचारी वाहेक कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीलाई पेश्की दिँदा प्रचलित कानून बमोजिम बैङ्क जमानत लिनुपर्ने व्यवस्था छ। कानूनले नै कार्यक्रम कार्याविन्यन तथा अनुगमनको विशिष्ट जिम्मेवारी दिएका पदाधिकारीलाई पेश्की दिँदा आन्तरिक नियन्त्रण प्रणाली कमजोर हुने, कार्यक्रम कार्यान्वियन पक्षको निष्पक्ष अनुगमन नहुने अवस्था हुन जान्छ । पदाधिकारीलाई पेश्की दिने कार्यलाई नियन्त्रण गर्नुपर्दछ। यसका केहि उदाहरण देहायअनुसार छन् -

| **गो.भौ.नं.।मिति** | **भुक्तानी प्राप्त गर्नेको वडा अध्यक्षको नाम** | **प्रयोजन** | **रकम** |
|---|---|---|---|
| ३३।२०८०-०७-०३ | रामराजा बम | अनुगमन मूल्याङ्कन,राहत,विविध,इन्धन | १,५०,००० |
| ४९।२०८०-०७-०३ | नरपति तिरुवा | विविध अतिथी सत्कार | ५०,००० |
| | | जम्मा | २,००,००० |

२५.३ **मू.अ.करमा दर्ता नभएका सँग खरीदः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ बमोजिम सार्वजनिक निकायले २० हजार रुपैयाभन्दा बढीको मालसामान खरिद गर्दा वा निर्माण कार्य गराउँदा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नं. र मूल्य अभिवृद्धि करदर्ता प्रमाणपत्र प्राप्त गरेका, फर्म वा कम्पनीबाट मात्र खरिद गर्नुपर्दछ ।नमुना छनौट गरिएकोमा पालिकाले देहायबमोजिमको भौचरबाट रु.२० हजार घटीका प्यान विलबाट खाजा,खाना,सवारी साधन मर्मत, मसलन्द तथा कार्यालय सामग्री खरिदको टुक्रे बिजकबाट भुक्तानी दिएको छ । स्थायी लेखा नम्बर लिएका तर मूल्य अभिवृद्धि करमा दर्ता नभएका आपूर्तिकर्ताबाट सामान खरिद गरेको हुँदा नियमानुसारको बिजक जारी भए पश्चात मात्र खरिद कार्य गर्नु पर्दछ ।केहि उदाहरण -

| **गो.भौ.नं.।मिति** | **भुक्तानी प्राप्त गर्नेको नाम** | **बिल संख्या** | **बिल रकम** |
|---|---|---|---|
| २११।२०८०-०९-०२ | लक्ष्मी होटल | ३ | ५०,८६५ |
| २१६।२०८०-०९-०२ | स्वीस खाजा घर | २ | ४०,००० |
| ३२३।२०८०-११-२९ | नमुना होटल | ३ | ४१,००० |
| ३४६।२०८०-१२-०२ | सुमन होटल | ५ | ७०,००० |
| ३५०।२०८०-१२-०२ | सुमन होटल | २ | ३७,५०० |
| ३८१।२०८०-१२-२५ | होटल हिल्सा त्रिवेणी | ३ | ३५,६०० |
| ५४६।२०८१-०२-०६ | आश्विन फेन्सी कलेक्सन | ४ | ५१,००० |
| ५५२।२०८१-१२-०६ | सन्चाला अटो पार्टस | ३ | ५१,००० |
| ८४२।२०८१-०३-१९ | त्रिवेणी ट्रेड सेन्टर | २ | ३४,५९५ |
| ८५१।२०८१-०३-२० | देविका खाद्य एण्ड खुद्रा पसल | २ | ३१,९०० |
| | | जम्मा | ४,४३,४६० |

२५.४ **वितरणमुखी कार्यक्रम** –स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । पालिकाले कार्यक्रम बनाउँदा उत्पादनमुखी पूर्जिँगत कार्यक्रम तर्जुमा गरी कार्यान्वियन गर्नुपर्नेमा वितरणमुखी कार्यक्रम गरेकोमा लाभग्राहीको विवरण खुल्ने अभिलेख राखेको छैन । वितरणको मापदण्ड एवम् कार्यविधि र अभिलेख वेगर वितरणमुखी कार्यक्रममा खर्च गर्दा वास्तविक लाभग्राहि समावेश नहुने एवम् सुविधा पाइसकेका लाभग्राहि दोहरिने सम्भावना हुन्छ। तसर्थ यस्तो खर्च वास्तविकता र आवश्यकतामा आधारित गरी पारदर्शी तवरले गर्नुपर्दछ ।यस सम्बन्धी केही उदाहरण देहाय बमोजिम रहेका छन् -

| गो.भौ.नं.। मिति | कार्यक्रमको नाम | रकम |
|---|---|---|
| ३२५।२०८०-११-२२ | कृषि मेशिन तथा औजार उपकरण वितरण कार्यक्रम | ४,७५,००० |
| ६४४।२०८१-०२-११ | विद्यालयका बालबालिकालाई ड्रेस वितरण | ५,००,००० |
| ७३०।२०८१-०२-३० | महिला समूहलाई भाडाकुडा वितरण कार्यक्रम | ९६,३८९ |
| ५६४।२०८१-०२-०६ | फलफूलका बिरुवा वितरण कार्यक्रम | ५०,००० |
| १३७।२०८१-०३-२४ | सोलार वितरण कार्यक्रम | १,७९,४०० |
| १५।२०८१-०३-२४ | बेमौसमी तरकारीको बीउवितरण | १,९९,३०० |
| ९७०।२०८१-०३-२४ | जस्तापाता वितरण कार्यक्रम | ३,६५,३५७ |
| ७४७।२०८१-०३-०५ | खानेपानी पाईप वितरण | २,००,००० |
| | जम्मा | २०,६५,४४६ |

२५.५ **गत बर्षको भुक्तानी** – आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९.२(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ।त्यस्तै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १३ अनुसार कोलेनिकाबाट प्रमाणित गराई राख्नुपर्ने व्यवस्था छ । पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेटमासमेत गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था नगरी गत बर्षको बिल,भरपाई संलग्न राखि गाडी भाडा, खाजा,ईन्धन तथा मसलन्दको रु.८,०७,८५९।- भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु.

| गो.भौ.नं.।मिति | खर्च शीर्षक | भुक्तानी रकम |
|---|---|---|
| ७५।२०८०-०७-२२ | सवारी साधन तथा मेशिनरी औजार भाडा | ५०,००० |
| ३४४।२०८०-११-३० | सवारी साधन मर्मत | ९९,५०० |
| ५५०।२०८१-०२-०६ | संघ संस्था साझेदारी | १,००,००० |
| २८१।२०८०-१०-२५ | संघ संस्था साझेदारी | १,२०,००० |
| ९६८।२०८१-०३-२४ | विविध | १,१३,३५९ |
| ९१।२०८०-०७-२२ | विविध | ३,००,००० |
| १३२।२०८०-०७-२३ | विविध | २५,००० |
| | जम्मा | ८०७८५९ |

| | |
|---|---|
| अनियमित भएको | ८,०७,८५९ |

२५.६ **कर कट्टी** - आयकर ऐन, २०५८ को दफा ८८ र ८९ अनुसार भएको कारोबारको भुक्तानी गर्नुपूर्व अग्रिम कर कट्टि गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायको भुक्तानीमा नियमानुसार अग्रिम कर कट्टा गर्नुपर्ने रु.७३५० कट्टा गरेको छैन् । कट्टा नभएको कर दाखिला गर्नुपर्ने रु.

| गो.भौ.नं.।मिति | विवरण | भुक्तानी रकम | करको दर | कर रकम |
|---|---|---|---|---|
| ६१५।२०८१-०२-२१ | बैठक भत्ता | ३९००० | १५% | ५,८५० |
| १०१२।२०८१-०३-२६ | पेश्की फस्यौट | १००००० | १.५% | १,५०० |
| | | | जम्मा | ७,३५० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,३५० |

२५.७ **पारिश्रमिक कर कट्टी** – आयकर ऐन ,२०५८ को दफा ८७ (ज्ञ)अनुसार आयमा लाग्ने पारिश्रमिक करको गणना गर्दा दम्पत्ति प्राकृतिक व्यक्तिको करयोग्य आयको पहिलो ६ लाखमा १ प्रतिशत, दोस्रो २ लाखमा १० प्रतिशतले पारिश्रमिक करकट्टा गर्नुपर्ने तथा एक्लो प्राकृतिक व्यक्तिको करयोग्य आयको पहिलो ५ लाखमा १ प्रतिशत, दोस्रो २ लाखमा १० प्रतिशतले पारिश्रमिक करकट्टा गर्नुपर्ने व्यवस्था छ। पालिकाले देहायको पारिश्रमिक भुक्तानी कर कट्टा नगरेको रकम असुल गरी दाखिला गर्नुपर्ने रु.

| क्र.स | कर्मचारीको नाम | पद | करदाताको किसिम | बार्षिक आय | आयकरमा छुट रकम | करयोग्य आय | कर रु. |
|---|---|---|---|---|---|---|---|
| १. | नेत्र राज शाहि | नि.प्र.प्र.अ. | दम्पती | ९,२९,९५५ | १,७९,७६९ | ७,५०,१८६ | १२,७८४ |
| २. | कमल बहादुर बम | ईन्जिनियर | दम्पती | ७,४०,५८८ | ४७,४०५ | ६,९३,१८२ | ८,६५२ |
| ३. | मोहन राज सुवेदि | रोजगार संयोजक | दम्पती | ७,९१,१९७ | ४७,१९६ | ७,४४,९९१ | १२,४८९ |
| ४. | प्रकाश बराल | सूचना प्रविधि अधिकृत | दम्पती | ७,०९,६७७ | ४७,०९६ | ६,६२,५८० | ५,८७० |
| ५. | दिपेश कुमार बम | जनस्वास्थ्य निरिक्षक | दम्पती | ८,२४,३८९ | १,७१,८४७ | ६,५२,५१४ | ३,८३१ |
| ६. | दिर्घ बहादुर नेपाली | सि.अ.हे.ब. | दम्पती | ९,७५,८१३ | २,०१,३४४ | ७,७४,४६९ | १४,६६४ |
| ७. | छत्र बहादुर बम | सि.अ.हे.ब. | दम्पती | ७,८६,५३३ | १,६४,५०५ | ६,२२,०२८ | १,१२३ |
| | | | | | | जम्मा | ५९,४१३ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५९,४१३ |

२५.८ **सफ्टवेयर खरिद** -नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउनु पर्ने व्यबस्था रहेको छ । यस वर्ष सफ्टवेयर खरिदमा रु.३,९२,२५०।खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । उक्त सफ्टवेयर पालिका केन्द्र र कुनै पनि वडा कार्यालयमा प्रयोग भएको पाइएन् । पालिकाले खरिद गरेका सफ्टवेयर प्रयोगमा ल्याउनुपर्दछ ।साथै यस्तो सफ्वेयर सूचना प्रविधि विभागबाट स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।

| **विवरण** | **खरिद मूल्य** |
|---|---|
| इन्टरनेट नेटवर्किङ्ग डिभाईस सफ्टवेयर | २,६०,००० |
| कता हो एप | ६४,००० |
| अपाङ्गता परिचयपत्र सफ्टवेयत | ६८,२५० |
| जम्मा | ३,९२,२५० |

## २६ उपभोक्ता समिति मार्फत् कार्य

२६.१ **उपभोक्ता समिति दर्ता** —संस्था दर्ता ऐन २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । पालिकाले यो बर्ष विभिन्न ४० उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई रु.३,७१,९९,३३८ भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्यको लेखापरीक्षणसमेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ ।

२६.२ **उपभोक्ताको काम** – सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी हुन सक्ने प्रकृतिका कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ। साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउदा श्रममुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरीयता, दिगोपना अभिवृद्धि गर्ने तरिका, आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधि सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ।पालिकाले बाटो निर्माण, भवन निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत् गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको लोडर, एक्जाभेटर, डोजर, रोलर जस्ता हेभि मेशिनहरु प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ। उपभोक्ता मार्फत् सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने खालको हुनुपर्नेमा सो अनुसारको देखिएन। सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिबाट गराउन सक्ने कामको कार्यविधि हालसम्म तयार गरेको पाईएन। सार्वजनिक खरिद ऐनमा भएको खरिद सम्वन्धी प्रकृयाको अवलम्वन गर्दै श्रममुलक काम उपभोक्ताबाट र अन्य जटिल तथा निर्माण व्यवसायी प्रयोग गर्नुपर्ने काम प्रतिस्पर्धात्मक विधिबाट सम्पन्न गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ।

२६.३ **जटिलसंरचना निर्माण :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन्

| **उपभोक्ता समितिको नाम** | **कामको विवरण** | **भुक्तानी रकम** |
|---|---|---|
| मालिका आधारभूत विद्यालय | २ कोठे भवन निर्माण | २७,५०,००० |
| आधारभूत स्वास्थ्य केन्द्र भवन तथा फिल्ड घेरावार निर्माण | भवन निर्माण | १७,६०,००० |

नियमावलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

२६.४ **हेभी इक्विपमेण्टको प्रयोग-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यत: डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धीत प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धीत योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गर्दा लागत अनुमानमा नै हेभी मेशीन उपकरण प्रयोग गर्ने गरी दर

विश्लेषण गरेको र उक्त योजनाको अनुगमन पालिकाबाट गरि अनुगमन प्रतिवेदन संलग्न भएकोमा प्रतिवेदनमा सम्पूर्ण विवरण उल्लेख नगरेकोले अनुगमन प्रणालीलाई थप प्रभावकारी बनाउन पालिकाले ध्यान दिनुपर्दछ । केही उदाहरणहरु यसप्रकार रहेका छन-

| गो.भौ.नं.।मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम | प्रयोग गरेको हेभी उपकरण | हेभी उपकरणमा भएको खर्च |
|---|---|---|---|---|---|
| १०।२०८०।७।२, ४४। २०८०।७।२३ | शान्तिकोट आ वि देखि गाइगौडासम्म पहिरो सफा तथा सडक स्तरोन्नती | सडक निर्माण | २८५२८४६ | जे सि वि | २८,६९,४८० |
| १६।२०८०।७।३, ३९। २०८०।७।३ | मुम्रादेखि दुनिको हुदै वडिमालिकसम्म सडक निर्माण | सडक निर्माण | ३६१०४१४ | जे सि वि | ३६,०८,९४९ |
| १७।२०८०।७।३, ४५। २०८०।७।२३ | गाउपालिका देखि मुम्रासम्म सडक स्तरोन्नती | सडक निर्माण | ३०,००,०००, | जे सि वि | ३६,४७,९९९ |

२६.५ **उपभोक्ता समितीको विल-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन,विल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समूदायको वैठकबाट अनुमोदन गराइ सम्वन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख भएकोमा पालिका अन्तर्गत सञ्चालित देहायका आयोजनामा समितिबाट भएको लागत सहभागीता कार्यको विल भरपाई पेश नभइ कार्यालयबाट भुक्तानी हुने रकमको मात्र निर्माण व्यवसायीको कर विजक पेश गरि कार्यसम्पन्न गरेको पाइयो।समितिबाट भएको लागत सहभागीता समेतको विल भरपाई पेश गरि कार्यसम्पन्न गर्नुपर्दछ। लागत सहभागीतको विल भरपाई पेश नभएका केही उदाहरणहरु यसप्रकार रहेका छन्-

| उपभोक्ता समितिको नाम | लागत अनुमान | सम्पन्न रकम | विल रकम | कैफियत |
|---|---|---|---|---|
| शान्तिकोट आ वि देखि गाइगौडासम्म पहिरो सफा तथा सडक स्तरोन्नती | ३८,०५,५१५ | ३६,८२,२७७ | २८,६९,४८० | लागत सहभागीताको विल भरपाई पेश नभएको। |
| मुम्रादेखि दुनिको हुदै वडिमालिकसम्म सडक निर्माण | ५०,७२,५०१ | ४५,७८,४५८ | ३६,०८,९४९ | लागत सहभागीताको विल भरपाई पेश नभएको। |

२६.६ **गुणस्तर परीक्षणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ (२) मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षण समेत छुट्टै आईटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने र नियम ११ (१) मा गुणस्तर परीक्षण गर्ने व्यवस्था छ। उपभोक्ता मार्फत गराएको निर्माण कार्यको लागत अनुमानमा गुणस्तर परीक्षण आईटम समावेश नगरीएको, ठेक्काद्वारा गरिने निर्माण कार्यको लागत अनुमानमा गुणस्तर परीक्षणको आईटम समावेश गरिएकोमा खर्च दावी नभएको र उपभोक्ता मार्फत वा निर्माण व्यवसायी मार्फत हुने निर्माण कार्यमा प्रयोग भएका निर्माण सामग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण हुने गरेको देखिएन। तर कार्यालयले उपभोक्ता समिति मार्फत् भएका निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, कंक्रिटिङ्ग कार्यको गुणस्तरका लागि सिमेण्ट मोर्टार तथा कंक्रिट क्यूब टेष्ट, फलामे डण्डीको टेन्साइल टेष्ट, ग्याबियन तारजालीको ल्याब टेष्ट गराउने जस्ता कार्य गराएको पाइएन। PCC को M 15 भन्दा बढीको कार्यमा अनिवार्यरुपमा ल्याब टेस्ट गर्नुपर्नेमा सो गरेको छैन । गुणस्तर परीक्षण नहुँदा निर्माण कार्य गुणस्तरीय भएको सुनिश्चत हुन नसक्ने हुदां निर्माण कार्यमा प्रयोग हुने सामग्री लगायतको गुणस्तर परीक्षण गरी निर्माण गुणस्तरीय भएको सुनिश्चत हुनुपर्दछ।

२६.७ **सार्वजनिक सुनुवाई एंव सामाजिक परिक्षण** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम हरेक स्थानीयतहले सार्वजनिक सेवाप्रवाहलाई पारदर्शी, उत्तरदायी, जवाफदेही, प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सार्वजनिक सुनुवाई र सामाजिक परीक्षण जस्ता कार्यक्रम सञ्चालन गरी वित्तीय जवाफदेहीतालाई प्रभावकारी बनाउने व्यवस्था छ । उपभोक्ता समिति मार्फत् सञ्चालित योजनाको आय व्यय, कार्यसम्पादन स्थिति, उपभोक्ताको योगदान लगाएतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको

सार्वजनिक सुनुवाई र सामाजिक परीक्षण नगरेकाले पारदर्शिता र जवाफदेहीताको पालना भएको सुनिश्चित गर्न सकिएन । ऐनमा भएको व्यवस्था कार्यान्वियन हुनुपर्दछ ।

२६.८
**पालिका मेशिन :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ ।ठाडो औडार देखि सिउरेगैडासम्म सडक निर्माण उपभोक्ता समितिसँग कार्य गर्ने गरि गत वर्षको रु ४० लाख वजेटबाट रु ५०७४९५२।को लागत अनुमान तयार गरि सम्झौता भएकोमा रु.२७,३८,७१८।को कार्यसम्पन्न गर्दा सफल निर्माण सेवाको भ्याट विल रु.१४,००,००० पेश गरी रु.८,००,०००। पेश्की फस्र्यौट र रु.५,५९,४५०। सोधभर्ना लिएको पाइयो।पालिकाको मेशिन सम्झौता गरि (पालिकाको एस्काभेटर २०७९ भाद्र २० देखि २०८० अषाढ मसान्तसम्म प्रति घण्टा रु.७०००।का दरले )भाडामा लिएको अवस्थामा पालिकालाइ भाडा नवुझाइ सफल निर्माण सेवाको विल पेश गरि भुक्तानी भएको रु.१३,५९,४५०। नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १३,५९,४५० |

२६.९ **उपभोक्ता समिति कार्यको बिमा** - सार्वजनिक खरिद नियमावली ,२०६४ को नियम ११२ ३(क) मा नियम ९७(क) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायबाट २० लाख रुपैया भन्दा बढी मूल्यको निर्माण कार्य गराउँदा सम्झौता रकममा बिमा बापतको खर्च ब्यहोर्ने रकम समावेश गरी सोही रकमबाट उपभोक्ता समिति तथा लाभग्राही समुदायले उपनियम १ बमोजिम बिमा गराउनुपर्ने तथा बिमा गराउने कार्यको लागि सम्बन्धीत सार्वजनिक निकायले सहजीकरण गरीदिनुपर्ने व्यवस्था छ ।नमुना छनौटको आधारमा परीक्षण गर्दा रु.२० लाख भन्दा बढी भएको कुनै पनि योजनामा बिमा गरिएको छैन ।नियमावलीमा व्यवस्था भए बमोजिम उपभोक्ता समितिद्वारा गरिने निर्माण कार्यमा बिमा गराउने कार्यको लागि कार्यालयले आवश्यक सहजीकरण गरी अनिवार्य रुपमा बिमा गराउनु पर्दछ ।

२६.१० **स्वमित्व हस्तान्तरण :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१२) बमोजिम उपभोक्ता समितिबाट निर्माण सम्पन्न पश्चात सार्वजनिक निकायले सोको रेखदेख, मर्मत समेतको जिम्मेवारी तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नुपर्दछ । आयोजनाको स्वामित्व हस्तान्तरणबाट उपभोक्ता समितिलाई अपनत्व महशुस हुन्छ साथै योजनाको दिगोपना सुनिश्चित हुन्छ । तर पालिकले यो आर्थिक बर्षमा उपभोक्ताबाट सम्पन्न कुनैपनि योजनको रेखदेख, मर्मत समेतको जिम्मेवारी तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई हस्तान्तरण गरेको छैन । ऐनमा भएको व्यवस्थाको पालना गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

२७ **शिक्षक विद्यार्थी अनुपात**

स्थानीय तहमा रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । विद्यालय समायोजन कार्यान्वियन निर्देशिका,२०७० ले न्यून विद्यार्थी भएका विद्यालयलाई जिल्ला शिक्षा समन्वय अधिकारीको सिफारिसमा जिल्ला शिक्षा समितिले बन्द गरी अर्को पायक पर्ने विद्यालयमा नियमानुसार समायोजन गर्न सक्ने उल्लेख छ । निर्देशिकाको बुँदा नं. १४.१ मा विद्यालय समायोजन सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागि विद्यालयको तथ्याङ्क संकलन गरी अध्ययन गर्नुपर्ने व्यवस्था छ । पालिका अन्तर्गत २१ सामुदायिक विद्यालयमध्ये प्राप्त विवरण अनुसार शिक्षकको दरबन्दी संख्या ११० रहेकोमा दरबन्दि अनुसार पदपूर्ती भएको छ ।उक्त विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुको कुल संख्या ५५०३ रहेकोमा शिक्षक विद्यार्थी अनुपात १:२४ देखि १:५६ सम्म रहेको प्राप्त विवरणबाट देखिन्छ । सो अनुसार कतिपय विद्यालयमा शिक्षक दरबन्दी न्युन अवस्थामा रहेको र कतिपयमा न्युन विद्यार्थी संख्या रहेका कारण प्रति विद्यार्थी लागत बढ्न गएको अवस्था देखिन्छ ।

२८ **शिक्षातर्फ**

२८.१

**पाठ्यपुस्तक**-कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।८१ को क्रियाकलाप नं. २.४.६.१ मा विद्यालयलाई पाठ्यपुस्तक व्यवस्थाका लागि कक्षा ११-१२ का लागि आर्थिक वर्षको प्रथम त्रैमासिक तथा कक्षा १-१० का लागि तेस्रो त्रैमासिकभित्र अनुदान दिने। यसरी अनुदान दिँदा पहिलो पटकमा विद्यार्थी सङ्ख्याको ७५ प्रतिशत सङ्ख्यालाई मात्र अनुदान दिने,शैक्षिक सत्रमा भएको नयाँ विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र दोस्रो पटक अनुदान दिने व्यवस्था छ । पालिकाले १६ वटा विद्यालयलाई पाठ्यपुस्तक खरिद बापत रु.७,३८,८७५ निकासा गरेकोमा सो को भरपाई लेखापरीक्षणको क्रममा पेश नभएकाले सम्बन्धीत विद्यार्थीले पाठ्यपुस्तक प्राप्त गरेको सम्बन्धमा यकिन गर्न सकिएन् । साथै गो.भौ.नं.९८।२०८०-१२-१७ र २०८।२०८१-०३-१५ बाट देहायका विद्यालयहरूलाई इमिस तथ्याङ्क भन्दा बढि निकासा दिएको रकम असुल हुनुपर्ने रु.

| वडा नं | विद्यालयको नाम | इमिस तथ्याङ्क अनुसार निकासाहुनुपर्ने रकम | जम्मा निकासाभएको रकम | बढीनिकासा भएको रकम |
|---|---|---|---|---|
| ६ | Badrukh Basic School | १४४५३४ | १७६६०९ | ३२०७४ |
| २ | Chandra Jyoti Basic School | ४०४४७ | ५२५१२ | १२०६४ |
| ३ | Dhalpura Mandal Basic School | २५३४८ | ३२८४८ | ७४९९ |
| ३ | Gadulsnani Basic School | ५९७१३ | ७२७६८ | १३०५४ |
| ६ | Governer Basic School | ४४११७ | ७४६३० | ३०५१२ |
| ८ | Gyanjyoti Basic School | ११८६७३ | १२७०५४ | ८३८० |
| ७ | Himalaya Basic School | १०८४५ | २३४४८ | १२६०२ |
| ४ | Janajyoti Secondary School | १४५२९१ | १६१७६३ | १६४७१ |
| ९ | Janaprabhat Basic School | २३६७८ | २९१८० | ५५०१ |
| ३ | Kalasilla Basic School | ५०२४७ | ६०८९५ | १०६४८ |
| ६ | Laliguras Basic School | २३७७४ | ३५६०२ | ११८२७ |
| ५ | Mahadev Basic School | १६७९५ | २२४४७ | ५६५१ |
| ९ | Mahadev Basic School | ६४८८२ | ८२२९५ | १७४१२ |
| २ | Masto Saraswati Secondary School | २४३७५१ | २७३७९३ | ३००४१ |
| ६ | Saraswati Secondary School | १४३१७९ | १९९९३८ | ५६७५८ |
| १ | Shankar Secondary School | २९९१६८ | ३३५४४५ | ३६२७६ |
| ७ | Thigelni Devi Basic School | ७४२७६ | १००८३४ | २६५५८ |
| | | | जम्मा | ३३३३३२८ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,३३,३२८ |

२८.२ **दिवा खाजा** - कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं.२.७.११.१ मा स्थानीय तहले दोस्रो त्रैमासिकदेखि विद्यालयमा बजेट निकासा गर्दा भौतिक रूपमा पूरा समय चलेको दिन (परीक्षामा सामेल भएको दिनसमेत) खाजा उपलब्ध गराइएका विद्यालयको प्रधानाध्यापक र विव्यस अध्यक्षबाट विद्यार्थीको सङ्ख्यात्मक हाजिरी विवरण प्रमाणित गराई स्थानीय तहमा सङ्कलन गरी सङ्ख्या यकिन भएपश्चात् मात्र थप अनुदान दिने व्यवस्था गरेको छ। पालिकाले 9 वटा विद्यालयलाई दिवा खाजा बापत

रू.२२,३७,६०० निकासा गरेकोमा सोको बिल भरपाई लेखापरीक्षणको क्रममा पेश नभएकाले सम्बन्धीत विद्यार्थीले रकम प्राप्त गरेको सम्बन्धमा यकिन गर्न सकिएन सो सम्बन्धमा पालिकाले अनुगमन गर्नुपर्दछ ।

२८.३ **स्यानिटरी प्याड**- स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु १२२९ जना रहेका छन।कार्यविधि अनुसार प्रति छात्रा १६ पिस (२ प्याकेट) १० महिनाको लागि खरिद गर्नुपर्ने उल्लेख छ । पालिकाले गो.भौ.नं.३०।२०८०-०७-२९ बाट १२२५४ प्याकेट प्रति प्याकेट रु.७३.४५ का दरले रु.९००००० र गो.भौ.नं.१२५। २०८१-१-३१ बाट १४२८३ प्याकेट प्रति प्याकेट रु.६४.४१ का दरले रु.९,१९,९६८ समेत रु.१८,१९,९६८ को सोझै खरिद गरेको छ । खरिद गरेको प्याड १४ वटा विद्यालयमा २४२५७ प्याकेट एकमुष्ठ वितरण गरि २२८० मौज्दात राखेको विवरण पेश गरेको छ । खरिद गरिएका प्याडहरु विद्यालय तथा कार्यालयमा भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राख्नुपर्दछ ।

२८.४ **छात्रवृत्ति** -कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं ७.२.१.१ को उपशीर्षक नं ४.२ मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धीत विद्यालयबाट कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरूलाई छात्रवृत्ति रकम अनुदान दिने व्यवस्था रहेको छ। पालिकाले ७ वटा विद्यालयलाई छात्रवृत्तिको बापत रु.३,२०,७०० निकासा दिएकोमा सोको भरपाई लेखापरीक्षणको क्रममा पेश नभएकाले सम्बन्धीत विद्यार्थीले रकम प्राप्त गरे नगरेको सम्बन्धमा यकिन गर्नसकिएन् । साथै गो.भौ.नं.२०४।२०८१-०३-१५ बाट देहायका विद्यालयमा IEMIS तथ्याङ्क भन्दा बढी निकासा गरेको रकम असुल गर्नुपर्ने रू.

| वडा नं | विद्यालयको नाम | इमिस तथ्याङ्क अनुसार दिनुपर्ने निकासा | दिएको निकासा | बढी निकासा |
|---|---|---|---|---|
| १ | Ambikadevi Basic School | १,०९,००० | १,१५,५०० | ६,५०० |
| ६ | Badrukh Basic School | १,६४,८०० | २,०३,१०० | ३८,३०० |
| ९ | Danphe Secondary School | २,३३,७०० | २,७१,४०० | ३७,७०० |
| ८ | Gyanjyoti Basic School | १,०८,१०० | १,३६,७०० | २८,६०० |
| ७ | Himalaya Basic School | ९,००० | १५,२०० | ६,२०० |
| ४ | Janajyoti Secondary School | ९१,६०० | १,११,३०० | १९,७०० |
| ३ | Kalasilla Basic School | ४८,४०० | ६०,८०० | १२,४०० |
| ५ | Kalika Secondary School | १,२०,४०० | १,३३,००० | १२,६०० |
| ६ | Khapar Masta Basic School | २९,००० | ३६,२०० | ७,२०० |
| ६ | Laliguras Basic School | २८,६०० | २९,८०० | १,२०० |
| ५ | Mahadev Basic School | १९,००० | २५,८०० | ६,८०० |
| ८ | Pancha Dewal Secondary School | १,२७,३०० | १,४८,१०० | २०,८०० |
| ७ | Thigelni Devi Basic School | ६,४८,०० | १,०५,९०० | ४१,१०० |
| | | | जम्मा | २,३९,१०० |

| असुल गर्नुपर्ने | २,३९,१०० |
|---|---|

२८.५ **सिकाइ तथा डिजिटल सामग्री-** कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.७.१३.५० मा प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्थाका लागि विद्यालयलाई अनुदान सम्बन्धी व्यवस्था उल्लेख छ। विद्यालयबाट भरिएको IEMIS प्रतिवेदनमा उल्लिखित विद्यार्थी सङ्ख्याका आधारमा स्थानीय तहले बजेट बाँडफाँट गरी विद्यालय (विशेष र एकीकृत विद्यालयसमेत) लाई अनुदान दिने व्यवस्था छ । गो.भौ.नं.२४१।२०८१-०३-१८ बाट IEMIS प्रणालीमा प्रविष्ट विद्यार्थी संख्या भन्दा बढी विद्यार्थीलाई निकासा दिएको रकम असुल गर्नुपर्ने रु.

| वडा | विद्यालयकोनाम | IEMISअनुसार दिनुपर्ने निकासा | गएकोनिकासा | बढीनिकासा |
|---|---|---|---|---|
| १ | Ambikadevi Basic School | ३९७५० | ८१३२० | ४१५७० |
| ६ | Badrukh Basic School | ५०९५० | ११०६०९ | ५९६५९ |
| २ | Chandra Jyoti Basic School | २४१०० | ४३७०० | १९६०० |
| ९ | Danphe Secondary School | १४२२०० | ३१२३०० | १७०१०० |
| ६ | Governer Basic School | २४०५० | ५३६०० | २९५५० |
| ८ | Gyanjyoti Basic School | ४०३०० | ४८९०० | ८६०० |
| ४ | Janajyoti Secondary School | ३९७०० | ५५५५० | १५८५० |
| ९ | Janaprabhat Basic School | १९४५० | ४७०३० | २७५८० |
| ६ | Khapar Masta Basic School | १७९०० | २१३५०० | १९५६०० |
| ६ | Laliguras Basic School | २०४५० | १००१०९ | ७९६५९ |
| ९ | Mahadev Basic School | २९८०० | १६००५० | १३०२५० |
| २ | Masto Saraswati Secondary School | ७५२५० | ८७८६० | १२६१० |
| ४ | Shantikot Basic School | २५८०० | १५५३०० | १२९५०० |
| ७ | Thigelni Devi Basic School | २७२५० | १५८००० | १३०७५० |
| | | | जम्मा | १०५०८७८ |

| असुल गर्नुपर्ने | १०,५०,८७८ |
|---|---|

२८.६
**दिवा खाजा-** कार्यक्रम कार्यान्वियन पुस्तिका, २०८०।८१ क्रियाकलाप नं. २.७.११.१ (ङ) मा विद्यालय सञ्चालन हुनासाथ दिवा खाजा व्यवस्थापन गर्नुपर्ने भएकाले आर्थिक वर्षको सुरुमै शैक्षिक व्यवस्थापन सूचना प्रणाली IEMIS मा समावेश भएको साविकको कर्णाली अञ्चलका मुगु, डोल्पा, हुम्ला, जुम्ला र कालिकोट जिल्लाका स्थानीय तहले प्रति विद्यार्थी दैनिक रू. २०।– का दरले पहिलो त्रैमासिकको बजेट निकासा गर्ने व्यवस्था रहेकोमा गो.भौ.नं.७८।२०८०-११-२० र २०३।२०८१-०३-१५ बाट देहायका IEMIS मा दर्ता नगरेका विद्यालयमा समेत दिवाखाजाको रकम निकासा भएको रु.४,७०,८००/- अनियमित भएको रू.

| सि नं | विद्यालयको नाम | जम्मा निकासा |
|---|---|---|
| १ | श्री विष्णु स्मृति बाल विकास केन्द्र | १,३६,००० |
| २ | श्री विशाल बाल विकास केन्द्र | ४६,८०० |
| ३ | श्री काँडादेव बाल बिकाश केन्द्र | ४३,२०० |
| ४ | श्री परिवर्तन बाल बिकास केन्द्र | ५४,००० |
| ५ | श्री विद्या मन्दिर आधारभूत विद्यालय | १,०४,४०० |
| ६ | श्री शिवनाथ बाल बिकास केन्द्र | ४३,२०० |
| ७ | श्री दुल्या बाल विकास केन्द्र | ४३,२०० |
| | जम्मा | ४,७०,८०० |

| | |
|---|---|
| अनियमित भएको | ४,७०,८०० |

२८.७ **शिक्षण सिकाइ सामाग्री-** कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप न २.७.१३.५० मा प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाइ सामग्री तथा Lab Assistant, equipment's and Practical material, OJT, Operation cost) व्यवस्थापनका लागि प्रति विद्यार्थी लागत अनुदान प्रति विद्यार्थी वार्षिक रू १५ हजारका दरले विद्यालयबाट भरिएको IEMIS तथ्याङ्कको आधारमा निकासा दिने उल्लेख छ। गो.भौ.नं.२४१। २०८१।३।१८ बाट श्री पंचदेवल मा.वि. मेहलमुडीलाई शिक्षण सिकाइ सामाग्री बापत रू १०,००,०००/- निकासा दिएको छ। कार्यक्रम कार्यान्वयन पुस्तिकाले तोके अनुसार विद्यार्थी निर्वाह खर्च बापत व्यावहारिक अभ्यास (OJT) मा सहभागी हुने विद्यार्थीका लागि प्रति महिना १ हजारका दरले रकम सम्बन्धीत विद्यार्थीको बैङ्क खातामा उपलब्ध गराउने, आन्तरिक अनुगमन सहजीकरण बापत नियमानुसारको दैनिक भ्रमण भत्ता उपलब्ध गराउने, वाह्य अनुगमन मूल्याङ्कन बापत प्रशिक्षकलाई नियमानुसारको दैनिक भ्रमण भत्ता उपलब्ध गराउने, र ल्याबमा प्रयोग हुने दैनिक सामग्रीका अतिरिक्त विद्यार्थीका लागि पाठ्यपुस्तक/पाठ्यसामग्री लगायतका शिक्षण सिकाइ सामग्री व्यवस्थापन लगायतमा खर्च गर्नुपर्ने उल्लेख भएकोमा कार्यक्रम कार्यान्वयन पुस्तिकाले तोकेको कार्यक्रममा खर्च भएको बिल भरपाई पेश नभएकाले खर्च पुष्ट्याइँ हुने बिल भरपाई पेश गर्नुपर्ने रू

| क्रम | कर्मचारीको नाम | असुली रकम |
|---|---|---|
| २८.७.१ | श्री पंचदेवल मा.वि. मेहलमुडी | १,०००,००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १०,००,००० |

२८.८ **शशर्त कार्यक्रम बाहिर खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ४५ मा वित्तीय हस्तान्तरणबाट प्राप्त भएको शशर्त अनुदान सम्वन्धित आर्थिक वर्षमा तोकिएको कार्यक्रममा मात्र खर्च गर्नुपर्ने र खर्च नगरेको खण्डमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । गो.भौ.नं.९९।२०८०-१२-१७ संघीय सरकार हस्तान्तरित कार्यक्रम (सशर्त) बाट स्वीकृत दरबन्दी, राहत अनुदानका शिक्षक तलब भत्ता शिर्षकबाट पालिका अनुदान करार शिक्षक तथा बालबिकास सहजकर्ता र विद्यालय कर्मचारीको तलब भत्तामा शिर्षक फरक पारि खर्च लेखेको रु.३३,५५,००० संघीय संचितकोष फिर्ता गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३३,५५,००० |

२८.९ **IEMIS दर्ता-** कार्यक्रम कार्यन्वयन पुस्तिका, २०८०।८१ को क्रियाकलाप नं २.४.६.१ को ३.१ क) १ मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमा कक्षा १-१२ सम्मका विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन

गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्ययपुस्तकको सङ्ख्या यकिन गर्ने व्यवस्था रहेको छ। गो.भौ.नं.९८।२०८०-१२-१७ बाट IEMIS प्रणालीमा दर्ता नगरी विद्यामन्दिर आधारभूत विद्यालयमा प्रथम किस्ता रू ५०६७/- र दोश्रो किस्ता रू ११७६/- गरी जम्मा रू ६२४३/- निकासा गरेको अनियमित भएको रू

| अनियमित भएको | ६,२४३ |
|---|---|

२८.१० **फरक खर्च शिर्षक** - आर्थिक कार्यविधि वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१२) मा सम्बन्धीत उपशीर्षकमा विनियोजन भएको एक समूहको खर्च शीर्षकको रकम नम्बरमा रकम अपर्याप्त छ र सो खर्च नगरेमा सरकारी हानी नोक्सानी हुने वा सरकारी काममा बाधा पर्ने देखिएमा सोको स्पष्ट कारण खुलाई सोही उपशीर्षकको अर्को समूहको खर्च शीर्षकको मौज्दात रकमबाट खर्च गरी त्यस्तो काम भएको सात दिन भित्र त्यसरी खर्च गरेको रकम नियम ४३ बमोजिम नियमित गराउनुपर्ने व्यवस्था छ । पालिकाले शशर्त कार्यक्रम तर्फ देहायको फरक शिर्षकमा खर्च गरेको रकम नियमसम्मत नदेखिएको रु.

| सि.नं. | भौ नं मिति | शशर्त कार्यक्रम खर्च शीर्षक | खर्च गरेको शीर्षक | रकम |
|---|---|---|---|---|
| १ | २०८ (२०८१।३।१५) | दिवा खाजा | स्वीकृत दरबन्दी र राहत अनुदानका शिक्षक तलब भत्ता | १९,१४,८०० |
| २ | २०८(२०८१।३।१५) | पाठ्यपुस्तक | स्वीकृत दरबन्दी र राहत अनुदानका शिक्षक तलब भत्ता | ४,१९,०३० |
| | | जम्मा | | २३,३३,८३० |

| अनियमित भएको | २३,३३,८३० |
|---|---|

२८.११ **अवकाश पछिको तलब निकासा**- शिक्षा नियमावली, २०५९ को नियम १७९ मा कुनै कामको लागि आवश्यकता भन्दा बढी रकम माग गर्ने र निकासा नदिने व्यवस्था छ । गो.भौ.नं. ६६।२०८०-१०-०२ बाट देहायका शिक्षक अवकाश भएपश्चात समेत तलब भत्ता निकासा भएको हुँदा अवकाश पश्चात निकासा भएको तलब भत्ता असुल गर्नुपर्ने रू.

| सि नं | विद्यालयको नाम | शिक्षकको नाम | अवकाश मिति | निकासा हुनुपर्ने रकम | निकासा भएको रकम | बढी भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | श्री अम्बिका देवी आधारभूत विद्यालय | नन्दा कुमारी शाही | २०८०।९। १५ | १५२८८५ | १७६५६६ | २३६८१ | ग्रेड र संचयकोष समेत |
| २ | श्री शंकर माध्यामिक विद्यालय | हर्क बहादुर गिरी | २०८१।३। ८ | १५४७३५ | १९३११३ | ३८३७८ | ग्रेड र संचयकोष समेत |
| | | | | | जम्मा | ६२०५९ | |

| असुल गर्नुपर्ने | ६२,०५९ |
|---|---|

## २९ विद्यालय अनुगमन नियमन व्यवस्था

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार माध्यमिक तहसम्मका विद्यालय सञ्चालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मुल्याङ्कन तथा नियमन सम्बन्धी कार्य सम्बन्धीत पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन । जसबाट विद्यालय अनुगमन कार्य शिक्षण शिकाइ कार्य प्रभावकारी रुपमा सञ्चालन हुन नसक्ने देखिएकोले अनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्नुपर्दछ ।

## ३० गाउँपालिका अनुदान शिक्षक

अन्तर सरकारी बित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ मा स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्रका लागि सहयोग अनुदान दिन

सकिने व्यवस्था छ । स्वीकृत दरबन्दी बाहिर पालिकाले ३८ विद्यालयहरुमा गाउँपालिका अनुदान शिक्षक नियुक्ती गरि रु.८५,९१,८४५। संघीय सरकारको समानीकरण स्रोतबाट तलब भत्ता खर्च लेखेकोमा दरबन्दी मिलान वेगर दीर्घकालीन दायित्व सिर्जना हुने गरी शिक्षक नियुक्ती गरी तलब भत्ता खर्च लेख्नु उचित देखिदैन। पालिकाले वास्तविक शिक्षकको आवश्यकता पहिचान गरी दरबन्दी मिलानका थप प्रक्रियातर्फ पहल गरी वित्तीय हस्तान्तरणको रकमलाई विकास निर्माणमा परिचालन गर्नुपर्दछ ।

३१ **द्वन्द्व पिडित शिक्षक** (१६०-२०८१-२-२२):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलीको, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ । नन्दलाल योगीको सर्वोच्च अदालतको आदेश नं. ०७१।७०।०१४८ मा नन्दलाल योगीको श्रीमति कोइला योगी लाई गो. भौ. नं १६०।२०८१-०२-२२ बाट दुर्गभ भत्ता रु.५२,४९५ भुक्तानी भएको छ। द्वन्द्व पिडित शिक्षकको पुनर्वहालिको फैसला अनुसार दुर्गम भत्ता भुक्तानी गर्न नमिल्ने हुंदा उक्त रकम असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५२,४९४ |

३२ **मेडिकल अधिकृत तलब**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ मा वित्तीय हस्तान्तरणको रकम सोहि शीर्षकमा खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । गो.भौ.नं.२३।२०८०-०६-२९ (संघीय सरकार हस्तान्तरित चालु) बाट मेडिकल अधिकृत रोशन कुमार यादवको तलब भत्ता रु.४,३८,७३७ समानिकरण चालु शीर्षकबाट खर्च लेख्नुपर्नेमा शशर्त अनुदानतर्फको फरक शीर्षकबाट खर्च लेखेको रकम संघीय सञ्चितकोष दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,३८,७३७ |

३३ **सामाजिक सुरक्षातर्फ**

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गर्न ९ वडाका लाभग्राहिको खातामा सामाजिक सुरक्षा भत्ता वितरण गर्न १ बैंक मार्फत् रु.७,२८,९५,४३२ निकासा गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् :

३३.१ **पारदर्शिता -** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा ३२ मा स्थानीय तहको कार्यालयले लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पुरा गर्नुपर्ने प्रकृया सम्बन्धी जानकारी स्थानीय सामाजिक संघसंस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नामावली सम्बन्धीत स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था गरेकोमा उल्लेखित व्यवस्था परिपालना गरेको पाइएन । कार्यविधिमा उल्लेखित व्यवस्था परिपालना गरी सामाजिक सुरक्षा कार्यक्रमको पारदर्शिता प्रवर्द्धन गर्नुपर्दछ ।

३३.२ **अनुगमन तथा निरीक्षण -** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि,२०७७ को दफा २७(३) अनुसार कार्यपालिका अध्यक्ष वा वा स्थानीय तहका प्रमुख प्रशासकिय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था भएकोमा यस पालिकाले सो कार्य गरेको पाइएन। यस तर्फ पालिका क्रियाशिल हुनुपर्ने देखिन्छ ।

३४ **स्वास्थ्य तर्फ**

३४.१ **औषधि खरिद** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा पच्चीस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ ।पालिकाले उक्त व्यवस्था वमोजिम संघीय सशर्त चालुको गो.भौ.नं. ४३।२०८०-०७-२२ र १५८।२०८१-०२-२१ बाट रु.११,८७,००० खरिद गरेकोमा उक्त प्रक्रियावेगर सान्नीत्रिवेणी गाउँपालिका स्वास्थ्य शाखाको गो.भौ.नं.५।२०८०-०७-२२ र १३। २०८१-०२-२१ बाट रु.५,५०,००० को औषधि सोझै खरिद गरेको उपयुक्त देखिएको छैन् ।औषधिको उत्पादन मिति, ब्याच नं र

म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धीत विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको, आपूर्ति भएका औषधि एंवम सर्जिकल सामान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको,औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको देखियो । तसर्थ औषधिको खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकिएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको यकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ।

३४.२ **न्यानो झोला** - स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८०।८१ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तरीय भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । पालिका अन्तर्गतका ४ वटा बर्थिङ सेन्टरमा गत वर्ष ३४५ थान र यस वर्ष ३०० थान को रु.२,९९,६९९.०० खरिद गरेकोमा यस वर्ष १५१ मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ। पालिकाले खरिद गरेका ४४२ थान न्यानो झोला मौज्दात रहेका छन् । खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तरीय भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

३५ **पेश्की फिर्ता**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ मा वित्तीय हस्तान्तरणबाट प्राप्त भएको शशर्त अनुदान सम्वन्धित आर्थिक वर्षमा तोकिएको कार्यक्रममा मात्र खर्च गर्नुपर्ने र खर्च नगरेको खण्डमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । गो.भौ.नं.४१। २०८१-०३-३१ बाट अ.न.मी. बबिता कुमारी शाही ले स्वास्थ्य स्वयम सेविकालाई प्रोत्साहन शीर्षक बापत लगेको पेश्की रु.५०,०००।- प्रदेश संचित कोष फिर्ता गर्नुपर्नेमा पालिकाको संचित कोष खाता फिर्ता गरेकोले उक्त रकम प्रदेश संचितकोष दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५०,००० |

३६ **सामूदायीक अध्ययन केन्द्र**

भौचर नं २०५।२०८१।३।१५ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था रहेकोमा वैकल्पिक विद्यालय साक्षरता निरन्तर कार्यक्रम अन्तर्गत देहायका सिकाइ केन्द्रलाई ३।३ लाखका दरले निकासा दिएको मध्ये सहजकर्ता पारिश्रमिकमा १।१ लाख र कार्यालय व्यवस्थापनमा २।२ लाख उल्लेख भएकोमा पारिश्रमिकको मात्र भरपाई संलग्न रहेकोले कार्यालय व्यवस्थापनमा भएको खर्च पुष्ट्याइँ प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु.

| सि नं | नाम | रकम |
|---|---|---|
| १ | कर्णाली सामुदायिक सिकाइ केन्द्र | २००,००० |
| २ | त्रिवेणी सामुदायिक सिकाइ केन्द्र | २००,००० |
| | जम्मा | ४००,००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,००,००० |

३७ **पोषण कार्यक्रम**

भौचर नं २९४।२०८१।३।२४ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५)मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था रहेकोमा पालिकाबाट सुनौला हजार दिनका

लागि छनौटमा परेका १२५ जना आमाहरूलाई प्रति चल्ला रू ९९०। दरका ५।५ वटा कुखुरा चल्ला वितरण गरि रू ६,१८,७५०। खर्च लेखेकोमा श्रेस्तामा चल्ला ढुवानी र क्वारेन्टाइन कार्यालयको सिफारिस पत्र संलग्न नरहेको र चल्ला खरिदको लागि छनोटमा परेको जागृती ह्याचरी बाँकेको दररेटमा फरक मसिको प्रयोग भएको सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्-

३७.१ भौचर नं ३०१।२०८१।३।२४ सुनौला हजार दिनका १२५ जना आमाहरूलाई पोषिलो झोला खरिद गरि रू २,५०,०००।- खर्च लेखेकोमा वितरण नगरी स्वास्थ्य चौकी मेहलमुडिमा ६८, मुम्रामा ३२ र राकुमा २५ गोटा हस्तान्तरण गरेको आधारमा खर्च जनाएकोले सम्वन्धित आमाहरुले झोला वुझेको भरपाई पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,५०,००० |

३७.२ संलग्न श्रेस्तामा १०३ जनाको मात्र भरपाई रहेकोमा १२५ जनालाई खर्च लेखेकोले २२ जना बढीलाई खर्च लेखेको पुष्टयाइ प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,०८,९०० |

३७.३ भौचर नं २९३।२०८१।३।२४ सुनौला हजार दिनका १२५ जना आमाहरूलाई रू.२,९८८।२९ दरका स्टिल बाटर फिल्टर र रु.२,५००।-दरका डस्टविन १।१ वटा खरिद गरि रू ६,८६,०३६। खर्च लेखेकोमा ९ जनाले वुझेको भरपाई पेश नभएकोले पुष्टयाइ प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४९,३९५ |

३७.४ **वढी भुक्तानी:** भौचर नं २९५।२०८१।३।२४ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था रहेकोमा बहुक्षेत्रीय पोषण कार्यक्रम सञ्चालनमा सहयोग पुर्याउन पालिका र कर्णाली विकास समाजबिच २०८१।१।२६ को सम्झौतामा उल्लिखित आर्थिक प्रस्तावमा सामुदायिक फिल्ड सहायक ५ जनाको रू १५,०००। का दरले ३ महिनाको रू २,२५,०००।, पोषण संयोजकको रु ४०,०००। का दरले रु १,२०,०००। र व्यवस्थापन खर्च रू ६०,०००। समेत रु.४,०५,०००। दिने उल्लेख भएकोमा संस्थाले रकम माग गरेको पत्रको आधारमा रू ३,५०,०००। खर्च लेखेको छ। सम्झौता अनुसार संस्थालाई २ महिना ७ दिनको रू ३,००,४८३। मात्र भुक्तानी दिनुपर्नेमा रु.३,५०,०००।दिएकोले (विजक समेत पेश नभएको) बढि भुक्तानी रु.४९,५१७ असुल हुनुपर्ने रू.

| **क्रम** | **कर्मचारीको नाम** | **असुली रकम** |
|---|---|---|
| ३७.४.१ | कर्णाली विकास समाज | ४९,५१७ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४९,५१७ |

३८ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारहरुको विकास मार्फत् नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार यस कार्यक्रम अन्तर्गत पालिकाका ९ वडामा ९ योजना सञ्चालन गरी यस वर्ष ८६ जनालाई औसत ९३ दिनले रोजगारी उपलव्ध गराई रु.६०,९६,१२० श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले कार्यक्रम तथा योजनाहरू र लाभग्राहीहरूमा दोहोरोपना भए नभएको यकिन गर्न सकिएन । उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा

दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

## ३९ मुख्यमन्त्री रोजगार कार्यक्रम

मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ अनुसार पालिकामा १० वटा योजनामा रु.१५ लाखको दरले सञ्चालनमा रु.१,५०,००,००० वजेट विनियोजन भएकोमा रु.१,४६,०२,५०४ खर्च हुनुको साथै २४७ जनाले औषतमा ५१ दिन रोजगारी प्राप्त गरेका छन । मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ को दफा १४ बमोजिम आयोजना कार्यन्वयन गर्ने निकायले अन्तिम भुक्तानी गर्नुपुर्व आयोजनाको लागत, प्रगति विवरण, खर्चका बिल भरपाई, श्रमिकको नाम, प्राप्त रकम र खर्च विवरण लगायतका विषयको सार्वजनिक लेखापरिक्षण गराउनुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष सञ्चालित आयोजनाहरुको सार्वजनिक लेखापरीक्षण गराएको छैन । मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले कार्यक्रम तथा योजनाहरू र लाभग्राहीहरूमा दोहोरोपना भए नभएको यकिन गर्न सकिएन । उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

## ४० आन्तरिक लेखापरीक्षण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले कानून बमोजिम आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । लेखा उत्तरदायी अधिकृतले आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा समावेश भएका व्यहोरा अन्तिम लेखापरीक्षण हुनु अगावै फस्र्यौट तथा सम्परीक्षण गरा ्इ अन्तिम लेखापरीक्षक समक्ष प्रस्तुत गर्नुपर्ने व्यवस्था छ । आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको व्यहोरा अन्तिम लेखापरीक्षण अवधिसम्म फस्र्यौट नगरेकोले आन्तरिक लेखापरीक्षणबाट औंल्याइएका देहायका व्यहोरा कायम गरिएको छ -

४०.१ **भुक्तानीमा कर कट्टि** - आयकर ऐन, २०५८ को दफा ८७, ८८ र ८९ अनुसार रकम भुक्तानी गर्दा अग्रिम कर , पारिश्रमिक कर र बहाल कर कट्टी नगरेको देहायका व्यक्तिबाट असुल हुनुपर्ने रु

| ब.उ.शि.नं. | गो भौ नं र मिति | कर | भुक्तानी पाउनेको नाम | कर रकम |
|---|---|---|---|---|
| गा पा चालु | ९५९।२०८१।३।२४ | बहाल कर | प्रकाश अधिकारी | १०००० |
| | | बहाल कर | निभान इन्टरप्राइजेज | ५००० |
| | १०१२।२०८१।३।२६ | अग्रिम आयकर | भरत सार्की नेपाली | १६२३ |
| | १०२२।२०८१।३।३१ | अग्रिम आयकर | रामराज बम | १०५० |
| संघीय हस्तान्तरित चालु | ३२३।२०८१।३।३१ | अग्रिम आयकर | मोहनविर धामी | ६३०२ |
| | | पारिश्रमिक कर | मोहनविर धामी | ११५२० |
| | | | | ३५४९५ |

| असुल गर्नुपर्ने | ३५,४९५ |
|---|---|

४०.२ **रितपूर्वकको कर विजक-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ । देहायका फर्महरुको भुक्तानीमा सक्कल विजक पेश नभएकोले मू.अ.कर समायोजनको प्रमाण पेश हुनुपर्ने रु

| ब.उ.शि.नं. | भौ नं मिति | कर बिजकको अवस्था | भुक्तानी पाउनेको नाम | मु अ कर रकम |
|---|---|---|---|---|
| गा पा पूँजीगत | १४६।२०८१।३।२४ | प्रिन्टेड बिजक | सान्नी त्रिवेणी निर्माण सेवा | ३३,६२७ |
| गा पा चालू | ३५८।२०८०।१२।६ | फोटोकपी बिजक | इगल आई टि सर्भिस प्रालि | ७,८५१ |
| | | | जम्मा | ४१,४७८ |

| प्रमाण पेश नगरेको | ४१,४७८ |
|---|---|

४०.३ **खर्च पूष्ट्याई** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। देहायको भुक्तानीमा खर्च पूष्ट्याई हुने प्रमाण नभएकोले सोको प्रमाण पेश गर्नुपर्ने रु.

| गो.भौ.नं.।मिति | शीर्षक | भुक्तानी प्राप्त गर्नेको नाम | रकम | कैफियत |
|---|---|---|---|---|
| २३।२०८१-०२-११ | शैक्षिक क्यालेन्डर प्रकाशन | लोकमन्च प्रिन्टर्स प्रा.लि. | ९४,६८८ | वितरणको भरपाई नभएको। |
| ९२।२०८०-०७-२२ | विविध | रामराजा वम | १,००,००० | प्रयोजन नखुलेको। |
| १७६।२०८०-०९-०२ | विविध | वैकुण्ठराज गिरी | ४१,००० | ,, ,, ,, |
| ८३५।२०८१-०३-१८ | विभिन्न कार्यक्रम | चन्द्र सूर्य प्रा.लि. | ९८,७८९ | ,, ,, ,, |
| | | जम्मा | ३,३४,४७७ | |

| प्रमाण पेश नगरेको | ३,३४,४७७ |
|---|---|

## ४१ पेश्की बाँकि

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को परिच्छेद ५ बमोजिम एक आर्थिक वर्षमा गएको पेस्की सोही वर्षमा फस्यौट गर्नुपर्ने व्यवस्था छ । नियमावलीको नियम ५१ मा सरकारी रकम पेश्की लिने कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले यस नियमावलीमा तोकिएको म्यादभित्र पेश्की फर्स्यौटको लागि आवश्यक कागजात पेश नगरेमा त्यस्तो पेश्की रकममा म्याद नाघेको मितिले बार्षिक दश प्रतिशतको दरले ब्याज समेत लगाइ असुल गर्ने व्यवस्था छ । देहाय बमोजिमको पेश्की समेत फर्स्यौट नभएकोले म्याद नाघेको पेश्की फर्स्यौट हुनुपर्ने रु

| मिति | गो.भौ.नं. | पेश्कीको विवरण | उ.स.को नाम | रकम |
|---|---|---|---|---|
| २०८१/०२/०९ | ९ | राकेओडार झोलुङ्गेपुल निर्माण | राकेओडार झोलुङ्गेपुल निर्माण उ.स. | ४,७०,००० |
| २०८१/०३/२३ | २३ | गौडाखोला चुलेनीडाँडा झुलेङ्गे पुल निर्माण उ.स. | गौडाखोला चुलेनीडाँडा झुलेङ्गे पुल निर्माण उपभोक्ता समिति | १०,४९,३७३ |
| | | | | १५१९३७३ |

| पेश्की | १५,१९,३७३ |
|---|---|

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : सान्नी त्रिवेणी गाउँपालिका, कालिकोट , सान्नी त्रिवेणी गाउँपालिका , कालिकोट

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | नेत्र राज शाही | २०७७-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | DHIRENDRA JAISHI | २०८०-६-१६ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| २,५९२,७३७ | १३,१४२,१५७ | ९,५६९,७९३ | ० | ० | १,५१९,३७३ |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | २६,८२४,०६० |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ० |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | २६,८२४,०६० |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ३२०३०६६१.२८ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २६५७४३३९३ | चालु खर्च | २८८६२०२३२.८६ |
| प्रदेश सरकारबाट अनुदान | ३५१८२०४० | पूँजीगत खर्च | ९४२०६९८५.०४ |
| राजश्व बाँडफाँट | ६२७३३९७०.६३ | वित्तीय/अन्य व्यवस्था | ९६७०५६५३.९६ |
| आन्तरिक आय | १०६१८०४.२ | | |
| अन्य आय | ९२४८१५९१.२९ | | |
| कुल आय | ४५७२०२७९९.१२ | कुल खर्च | ४७९५३२८७१.८६ |
| बाँकी मौज्दात | | ९७००५८८.५४ | |

# अनुसूची - २

| सि.नं | लेखापरीक्षण | लेखापरीक्षण गरिएका बिषय |
|---|---|---|
| 1 | आन्तरिक नियन्त्रण प्रणाली | आन्तरिक नियन्त्रण प्रणालीको कार्यान्वयन |
| 2 | आन्तरिक आय | आन्तरिक आयतर्फ |
| 3 | नीति तथा कार्यक्रम,बजेट र योजना | नीति तथा कार्यक्रम,बजेट र योजना कार्यान्वियनको अवस्था |
| 4 | भूक्तानीमा कर कट्टी | भुक्तानीमा कर कट्टीको कार्यान्वयन |
| 5 | मुख्यमन्त्री रोजगार कार्यक्रम | मुख्यमन्त्री रोजगार कार्यक्रम कार्यान्वयन |
| 6 | प्रधानमन्त्री रोजगार कार्यक्रम | प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयन |
| 7 | शिक्षा तर्फ | शिक्षा तर्फ वजेट तथा कार्यक्रम कार्यान्वयन |
| 8 | चालु तथा प्रशासनिक खर्च | खर्चको नियमितता तथा मितव्ययिता ( चालु तथा प्रशासनिक खर्च) |
| 9 | तलब भत्ता तथा पारिश्रमिक खर्च | तलब भत्ता तथा पारिश्रमिक खर्च( तलव, पदाधिकारी सुविधा, पारिश्रमिक खर्च र करार सेवा) |
| 10 | तालिम तथा कार्यक्रम खर्च | तालिम र कार्यक्रम खर्च कार्यान्वयन |
| 11 | खरिद व्यवस्थापन | खरिद व्यवस्थापन कार्यान्वयन |
| 12 | उपभोक्ता समिति | उपभोक्ता समिति मार्फत् कार्य |
| 13 | स्वास्थ्य कार्यक्रम तथा वजेट खर्च | स्वास्थ्य तर्फ कार्यक्रम कार्यान्वयन |
| 14 | कृषि तथा पशुतर्फ | कृषि तथा पशुतर्फ कार्यक्रम कार्यान्वयन |
| 15 | सामाजिक सुरक्षा | सामाजिक सुरक्षा भत्ता वितरण |
| 16 | संघ र प्रदेशबाट प्राप्त शसर्त लगायत अनुदान | संघ र प्रदेशबाट प्राप्त शसर्त लगायत अनुदान प्राप्त (अख्तियारी तथा अन्य सशर्त कार्यक्रम) |

# सुझाव

स्थानीय तहद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- भवन,सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।

- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।

**ऐच्छिक विषयहरु (उक्त विषयहरु लागु हुने भएमा मात्र राखे अन्यथा हटाउने)**

- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ ।
- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- कतिपय कार्यसम्पन्न भइसकेका शीतभण्डारहरू प्राविधिकरुपले अधुरा भई सञ्चालन तथा उपयोग नभएको र निर्माणाधीन तथा निर्माण भइसकेका शीत भण्डारहरू गुणस्तरीय नदेखिएकोले यसमा सुधार गरी सञ्चालन गर्नुपर्दछ। स्थानीय आवश्यकता विश्लेषण गरी दिगो सञ्चालनको सुनिश्चितता गरेर मात्र शीतभण्डारहरू निर्माण गर्नुपर्दछ।

- आन्तरिक लेखापरीक्षण नुहने, भएकोमा प्रतिवेदन नदिने, प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।